# वर्गदृष्टि

Bargadrishti Weekly साप्ताहिक

वर्ष १ अङ्क ५ २०७३ साउन ३ गते सोमबार Monday, July 18, 2016 पृष्ठ ८ मूल्य रु. १०।-


## क्रा.मा.निकट जबस-मोर्चाले ज्ञापनपत्र बुझाउने

**काठमाडौं ।** नेकपा (क्रान्तिकारी माओवादी) निकट जबस-मोर्चाले नेवा राज्य अन्तर्गतका तीनवटै जिल्लाहरु काठमाडौं, ललितपुर र भक्तपुरका जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाउने भएको छ। राष्ट्रियता, जनतन्त्र र जनजीविकासम्बन्धी २९ बुँदे माग पत्र पेश गर्न लागेको नेवाः राष्ट्रिय मुक्ति मोर्चाका अध्यक्ष पवनमान श्रेष्ठले वर्गदृष्टिलाई बताए ।

साउन ५ गते बुझाउन लागिएको ज्ञापनपत्रमा सन् पचासको सन्धि खारेजीदेखि माथिल्लो कर्णाली-अरुण तेस्रो परियोजनासम्बन्धी सम्झौताको खारेजीसम्मका मागहरु समेटिएको श्रेष्ठले जानकारी दिए । राष्ट्रियतासम्बन्धी ८, जनतन्त्रसम्बन्धी १० र जनजीविकासम्बन्धी ११ वटा माग सो ज्ञापनपत्रमा समेटिने छ । ... बाँकी ८ पेजमा

# सरकार परिवर्तनको खेल महङ्गो

◆ **वर्गदृष्टि संवाददाता**

*काठमाडौं ।*

माओवादी केन्द्र ओली सरकारबाट अलग्गिएपछि चलेको सरकार परिवर्तनको खेल निकै महङ्गो साबित हुने भएको छ । काङ्ग्रेस-माओवादी केन्द्रले आलोपालो गरी सरकार चलाउने द्वीपक्षीय सहमतिपछि गठबन्धनबाट माओवादी केन्द्र बाहिरिएको थियो । यस अघि पनि काङ्ग्रेसले प्रचण्डलाई 'ग्रिन सिग्नल' दिएको थियो तर प्रचण्डले त्यसलाई 'मिस फायर' गरेका थिए ।

त्यसपछि काङ्ग्रेस-माओवादी केन्द्रबीच चिसिन पुगेको सम्बन्ध दिल्लीको मध्यस्थतामा जोडिन संभव भएर गयो । जुनसुकै मूल्यमा भए पनि ओलीको गठबन्धनलाई छिनाएर आफ्नो अनुकूलतामा सरकार गठन गर्न मरिहत्ते गरी लागि परेको दिल्ली देउवालाई पछि हटाएरै भए पनि यो गठबन्धन गिराउन प्रचण्डलाई राजी बनायो ।

अल्पमतमा परिसकेको भनेर माओवादी केन्द्र र काङ्ग्रेसले बारम्बार कुरा उठाए पनि ओली सरकारले सहजरुपमा राजीनामा दिएर बाटो फराक गरेन । यसो नगरेपछि काङ्ग्रेस-माओवादी केन्द्रले संसदमा अविश्वासको प्रस्ताव पनि दर्ता गर्न पुगे । तर दर्ता भएको अविश्वासको प्रस्ताव सफल वा विफल के हुन्छ भन्ने बारेमा काङ्ग्रेस-माओवादी केन्द्रमा दुविधा पैदा भयो । ओलीले अविश्वासको प्रस्ताव फेस गरेरै अघि बढ्ने प्रण गरे ।

गएको शुक्रबार त्यसका लागि काङ्ग्रेस-माओवादी केन्द्रले काङ्ग्रेसको संसदीय दलको कार्यालयमा कानुन विदहरुको जमघट गराएर छलफल नै चलाए । छलफलमा काङ्ग्रेस-माओवादी केन्द्रले ती विज्ञ तथा कानुनविदहरुसामु कानुनी उपायका लागि हारगुहार पनि मागे । सरकार बन्ने बाटो देखाइ दिन अनुनय विनय पनि गरे । कानुनविदहरुले नयां सरकार गठनको प्रक्रिया सहजै अघि बढ्ने र त्यसको व्यवस्था संविधान तथा नियमावलीमा प्रष्ट नै भएको सुझाव दिए ।

तर काङ्ग्रेस-माओवादी केन्द्रले कानुनविदहरुसँग छलफल गरिरहँदा त्यस छलफललाई पछि पार्ने गरी ओलीले सरकार बिघटन गरेर नयाँ चुनावमा जाने आशय व्यक्त गरे । काङ्ग्रेस-माओवादी केन्द्रका नेताहरुले यसबारेमा शुक्रबार रातमा निकै छलफल चलाए । छलफलसँगै दिल्लीको सुझावसहित अब बल राष्टपतिको कोर्टमा पुगेको र परि आएमा राष्टपतिकै विरुद्ध अविश्वासको प्रस्ताव ल्याउने निर्णयमा काङ्ग्रेस-माओवादी केन्द्र पुगे । यसले गर्दा अहिले चलिरहेको सरकार परिवर्तनको खेल निकै महङ्गो साबित हुन पुगेको छ ।

### महङ्गोको मात्रा कति ?

काङ्ग्रेस माओवादी केन्द्रसँग मिलेर खेलेको यो खेलमा काङ्ग्रेसले ठूलो आन्तरिक अन्तर्विरोधको सामना गर्नुपर्ने छ । किनकि, काङ्ग्रेस-माओवादी केन्द्र विचार वा कुनै नारालाई लिएर तात्कालीन लक्ष्य हासिल गर्न अघि बढिरहेका छैनन् । रामचन्द्र पौडेलको खेमाले यो खेललाई सान्दर्भिक र उचित ठानेको छैन । यो खेलका पछाडि जतिसुकै शान्ति प्रक्रियाका साझेदार भने पनि काङ्ग्रेस-माओवादी केन्द्रको आजसम्मको सहकार्य निकै तिक्ततापूर्ण, विरोधाभाषपूर्ण र अमैत्री रहेको छ । अर्को मुख्य कुरा, यो खेल फगत कुर्सीका लागि खेलिएको हो । तेस्रो महत्वपूर्ण कुरा, दिल्लीको योजना र स्वार्थमा काङ्ग्रेस-माओवादी केन्द्रलाई एकठाउँमा ल्याइएको छ । रणनीतिक रुपमा यो बेला काङ्ग्रेसले ठण्डा दिमागले सतर्क भएर सोच्नुपर्छ कि काङ्ग्रेसलाई कमजोर बनाएर बाबुराम भट्टराईलाई दिल्लीले रणनीतिक गोटीको रुपमा चालिराखेको छ । कुरो त सही के थियो भने काङ्ग्रसले आफूहरु प्रतिपक्षमा रहेर चुनाव आउँदासम्म धैर्यधारण गरेको भए आगामी संसदीय निर्वाचनमा पहिलो पार्टी नै बन्ने थिए । अब त्यो मौका गुम्न पुगेको छ ।

एमालेलाई पनि यो खेल निकै महङ्गो साबित हुँदैछ । एक त उसले बामहरु बीचको सहकार्य र विश्वासलाई गुमाउन पुगेको छ । सापेक्षतामा राष्ट्रवादीहरु बीचको सहसम्बन्ध टुट्न गएको छ । माओवादी केन्द्रसँग केही न केही सहमति, जसलाई माओवादी केन्द्रले भन्ने गरेको भद्र सहमति, थियो होला नै त्यसलाई नयाँ समझदारी गरेर जान सक्नु पर्दथ्यो । ठीक आजको अवस्थामा आइपुग्दा काङ्ग्रेस र माओवादी केन्द्र जनतामा खुइलिन पुगे । सापेक्षतामा हेर्दा जनतामा एमालेको छबि अलि केही राम्रो नै छ । तर अब सामना गर्नुपर्ने प्रक्रियाले यसलाई निराशामा लैजान संभव छ ।

माओवादी केन्द्र ... बाँकी ८ पेजमा

## जनप्रतिरोधपछि टर्कीमा सैन्य 'कू' असफल

**एजेन्सी ।** जनताले प्रतिरोध गरेपछि टर्कीमा सैन्य कूको प्रयास असफल भएको छ। सत्ता कब्जाको प्रयास गर्ने १०४ जना विद्रोही सेना मारिएका छन् भने उच्च सैनिक अफिसरसहित २ हजार ८ सय बढी सैनिक पक्राउ परेको समाचार एजेन्सीहरुले बताएका छन् ।

टर्कीका कार्यबाहक सेना प्रमुखका अनुसार सैन्य बलको एक समूहले गरेको सत्ता कब्जाको प्रयास असफल भएको छ । प्रधानमन्त्री बाइनलाई इलदिरिमका अनुसार अहिलेसम्म उच्च सैनिक अधिकारीसहित २८३८ सैनिक पक्राउ परेका छन् ।

राष्ट्रपति रेचप तैयब एर्दोआन छुट्टी मनाउन गएको बेला सैन्य कूको प्रयास भएको थियो । सेनाको एक समूहले राष्ट्रिय टेलिभिजनमार्फत सत्ता कब्जाको घोषणा गर्नुका साथै कर्फ्यू लगाएको थियो । सेनाका बख्तरबन्ध गाडीहरु सडकमा आएको थियो ।

रातभर राजधानी अंकारामा गोलाबरी समेत भयो । यस क्रममा सैन्य कूको प्रयासमा संलग्न बाहेक ९० जनाको मृत्यु भएको छ भने ११५४ जना घाइते भएका छन् ।

टर्कीका राष्ट्रपति एर्दोआनाले लोकतन्त्रका लागि सडकमा आउन जनतालाई अपील गरे । छुट्टी मनाउन गएका उनी देश फर्किएका छन् र यसलाई देशद्रोहको संज्ञा दिएका छन् ।

जनताले प्रतिरोध गरेपछि इस्तानबुलको बोसफोरस पुलमा रहेका बिद्रोही सैनिकहरुले आत्मसमर्पण गरेका छन् । बिद्रोही सैनिकहरुको हिरासतमा रहेका सेना प्रमुखलाई उद्धार गरिएको अधिकारीहरुले बताएका छन् । इस्तानबुलको विमानस्थल सेनाको नियन्त्रणमा आएको छ र उडान तथा अवतरण सुरु भएको ... बाँकी ८ पेजमा

# 'सरकार गम्भीर बन्नुपर्छ'– किरण

◆ **वर्गदृष्टि संवाददाता**

**काठमाडौं ।** नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) का अध्यक्ष मोहन वैद्य 'किरण'ले

प्रा.डा. गोविन्द केसीले सुरु गरेको आठौं पटकको आमरण अनशनप्रति सरकार गम्भीर बन्नु पर्ने बताएका छन् । शुक्रबार ऐक्यवद्धता जाहेर गरेका छन् । गत शुक्रवार दिउँसो केसी अनसन बसिरहेको शिक्षण अस्पतालमा पुगी किरणले ऐक्यवद्धता जनाएका हुन् ।

केसीसँगको भेटका क्रममा किरणले 'शैक्षिक मागहरुप्रतिको तपाईको चिन्तामा देशभरका शिक्षाप्रेमी, न्यायप्रेमीहरु एकसाथ छन् । विश्व विद्यालयका युवा विद्यार्थीहरु एकाकार छन्' भन्दै भ्रष्टाचारीहरुलाई कारबाहीको दायरामा ल्याउन तपाईले चालेको यो अभियानमा हामी पनि साथमा छौं' भनेका थिए ।

अनसनरत डा. केसीले 'तपाईहरुले विचार गर्नुहोस्, यो समस्याको समाधान कसरी गर्न सकिन्छ' भने ।

त्यसपछि अध्यक्ष किरणले 'यसबारेमा सम्बन्धित पक्ष बेलैमा गम्भीर बन्नु जरुरी छ' भन्दै 'सरकार बढि सम्वेदनशील हुनु पर्छ र समस्या समाधान गर्नेतिर तुरन्त पहल लिनुपर्छ' भन्ने कुरामा जोड दिए । अभियानलाई लक्ष्यमा पुऱ्याउन हामी सबैको साथ रहने छ तथापि आफ्नो स्वास्थ्यको पनि ख्याल गर्नुहोला भनेर सुझाव दिएका थिए । वर्तमान अवस्थामा राजनीतिक



दलहरु बांडिए पनि धेरैले यो अभियानमा साथ दिने र नागरिक समाज पनि साथमा रहने वचनसमेत् दिएका थिए ।

उपस्थितमध्ये धेरैले डा. केसीको उमेर धेरै भइसकेको र पटकपटक गरी आठौं पटकको आमरण अनसनले उनको स्वास्थ्यमा पनि निकै समस्या ल्याएको कुराकानी गरिरहेका थिए ।

डा. केसी लोकमानसिंह कार्कीलाई महाअभियोग लगाउनुपर्ने लगायतका मागहरु अघि सारेर विगत केही दिनदेखि आमरण अनसनमा छन् ।

# सिन्धुपाल्चोकलाई संकटग्रस्त जिल्ला घोषणा गर्न माग

◆ **वर्गदृष्टि संवाददाता**

**काठमाडौं ।** भूकम्प र बाढीबाट भएको क्षतिको पुनर्निर्माणका लागि सिन्धुपाल्चोकलाई संकटग्रस्त क्षेत्र घोषणा गर्नुपर्ने माग स्थानीय जनता, सांसद तथा राजनीतिक दलहरूले गरेका छन् । उनीहरूले लगातारको क्षतिले जिल्लाको अस्तित्व नै मेटिन लागेको भन्दै यस्तो माग गरेका हुन् । भूकम्प र बाढीले पुऱ्याएको भौतिक क्षतिको पुनर्निर्माणका लागि अर्बौं रुपैयाँ खर्च गर्नुपर्ने, नियमित बजेटले यस्तो पुनर्निर्माण हुने सम्भावना नदेखिएकोले विशेष एकीकृत विकास योजना ल्याउनुपर्ने उनीहरुले माग गरेका छन् ।


शिक्षा कार्यालयले भूकम्पबाट भत्केका सबै विद्यालय पुनर्निर्माणका लागि मात्र ५ अर्ब खर्च हुने अनुमान गरेको छ भने अरनिको राजमार्ग मर्मतका लागि कम्तीमा १ अर्ब खर्चिनुपर्ने अनुमान गरिएको छ । सडक डिभिजन कार्यालय चरिकोटका अनुसार सडकको पहिरो नियन्त्रणका लागि चिनियाँ टोलीले सर्वेक्षण गरिरहेको छ । राजमार्गको पाँच स्थानमा पहिरो नियन्त्रण गर्न करिब ६० करोड खर्च हुने अनुमान गरिएको छ ।

**भूकम्प र बाढीपहिरोले पुऱ्याएको क्षति**

२०७१ साउनमा गएको जुरेपहिरोले बस्ती बगाउँदा १ सय ४५ जनाको मृत्यु भएको थियो । २०७१ भदौमा महांकलमा आएको पहिरोमा परेर ६ जनाले ज्यान गुमाए भने त्यसै महिना बराम्चीमा आएको पहिरोमा ५ जनाको मृत्यु भयो । ०७२ बैशाखमा गएको भूकम्पमा परी जिल्लाका ३ हजार ५ सय ७५ जनाले ज्यान गुमाए । २०६८ को जनगणनाअनुसार जिल्लामा ६६ हजार ५ ... बाँकी ८ पेजमा

# संसदवादीहरुको खेल र परिणाम

कथित दोस्रो संविधान सभाको निर्वाचनले बनाएको संविधान सभा र त्यसले बनाएर जारी गरिएको संविधानले नेपाललाई पश्चगमनतिर धकेलेको छ । दश वर्षको महान जनयुद्ध, ऐतिहासिक जनआन्दोलन, अन्य जनसमुदायले संचालन गरेको आन्दोलनका मागहरुलाई लत्याई नेपाली जनताले अस्वीकार गरिसकेको र नेपालमा असफल भैसकेको संसदीय व्यवस्थालाई पुनर्स्थापित गरेको छ । त्यसैले नेपाली राजनीतिमा पुनः त्यही पुरानै संसदीय फोहोरी खेल दोहोऱ्याउने काम भइरहेको छ । यसमा एउटा थप कुरा के भएको छ भने पहिले संसदीय व्यवस्थालाई प्रतिकृयावादी भन्नेहरु मध्ये केही यही फोहोरी खेलमा सामेल भएका छन् । अझ कतिपय नेताहरु त त्यही खेलका प्रमुख खेलाडी बनेका छन् । यसो गरिरहँदा तिनीहरुलाई कुनै लज्जाबोध भएको भने देखिँदैन ।



✍ –सीपी गजुरेल 'गौरव'

हामी यो प्रतिकृयावादी संसदीय व्यवस्था कै बिरोधमा रहेकाले यसको फोहोरी खेलमा सहभागी कुनै टिम वा कुनै खेलाडीको पक्ष वा विपक्षमा उभिने यस लेखको उद्देश्य होइन । प्रस्तुत लेख यी घटनाक्रमसँग सम्बन्धित राजनीतिक पक्षमा नै सीमित हुनेछ ।

### बन्धनको चरित्र

एमाले र माओवादी केन्द्रले ओलीलाई प्रधानमन्त्री बनाउनका लागि जुन राजनीतिक समिकरण वा गठवन्धन बनाएका थिए, त्यो विचित्रको थियो । त्यस गठवन्धनमा सबैभन्दा ठूलो पार्टी एमाले थियो । एमाले वास्तवमा संघीयताको पक्षधर पार्टी होइन र यो पार्टीले संवैधानिक राजतन्त्रलाई स्वीकार गरिसकेको कुरा त कसैबाट छिपेको छैन । यही पार्टीका अध्यक्ष केपी ओलीले ०६२–०६३ सालको ऐतिहासिक राजतन्त्रबिरोधी आन्दोलनलाई– "बैलगाडामा चढेर अमेरिका जान खोज्ने" भनेर पटक–पटक उपहास गरेका थिए । उनले "संघीयता नेपालले धान्नै सक्दैन", "बाहिरी शक्तिले उचालेर ल्याएको संघीयताको माग" भनेर बारम्बार भन्दै आएका हुन् र अहिल उनले "बाख्राको टाउँकामा भैंसीको सिंग"को उपमा दिनु कुनै अनौठो कुरा होइन । गठबन्धनको तेस्रो ठूलो दल राप्रपा त घोषित रुपमै अहिले पनि राजतन्त्रवादी र धर्म निरपेक्षता र संघीयताविरोधी पार्टी भएको कुरा उनीहरुले लुकाएका छैनन् र सरकारमा भएर पनि उनीहरु आफ्नो अडानमा कायमै छन् । अन्य स–साना पार्टीहरु पनि करिव त्यही विचारका छन् । यस प्रकारको गठबन्धनमा माओवादी केन्द्र (माके) कसरी अट्न सक्यो ? प्रष्ट छ– त्यो पार्टी संसदीय व्यवस्थालाई आदर्श मान्ने ती पार्टीहरुभन्दा खासै भिन्न नहुने ठाउँमा पुगीसकेको छ । त्यसकारण मात्र यस प्रकारको गठबन्धन सम्भव भएको हो ।

अहिले आएर माकेले आफ्नो गठबन्धन परिवर्तन गरेको छ । अहिले त्यो दल नेपाली कांग्रेससँग गठबन्धन गर्न आइपुगेको छ । नेपाली कांग्रेस कस्तो पार्टी हो भन्ने कुरा पनि जगजाहेर नै छ । यो पार्टीमा अहिले पनि राजालाई कुनै न कुनै किसिमको स्थान दिनु पर्दछ भन्ने अभिव्यक्ति त्यसका नेताहरुले नै सार्वजनिक गरिरहेकै छन् । नेकाका धेरै जना नेताहरुले धर्म निरपेक्षता हुनु हुँदैन भन्ने पक्षमा आफु भएको कुरा त बाहिर नै अभिव्यक्त गरिरहेका छन् । उनीहरुले भनेको संघीयता यो सात प्रदेशभन्दा अलग हुनै सक्दैन । थप कुरा, नेकाको के छ भने यो ऐतिहासिक कालदेखि नै भारतपरस्त पार्टी रहँदै आएको छ र त्यो कुरा आज पनि सत्य हो । यो कुरा नेकाको पहिचान नै बनिसकेको छ । यस पार्टीको नेतृत्वमा सरकार हुँदा राष्ट्रघाती "गण्डक सम्झौता" र "कोशी सम्झौता" भएको कुरा त जगजाहेर नै छ । अहिले आएर माकेले नयाँ गठबन्धन गरेर आफुलाई कांग्रेसको समकक्षमा पुऱ्याएको छ । यस ... बाँकी २ पेजमा

## सम्पादकीय

# इण्डो–पश्चिमा भर्सेज बेइजिङ खेल बन्द गर

नेपाली राजनीतिमा प्रचण्ड–देउवा केमेस्ट्रीको उदयसँगै इन्डो–पश्चिमा भर्सेज बेइजिङ देखिन थालेको छ। ठूला भनिएका राजनीतिक पार्टीका नेताहरु यी दुई कित्तामा ‘प्रो–ट्रेन्ड’ प्रदर्शन गरिरहेका छन्। नेपाली राजनीतिमा स्वतन्त्र हैसियत प्रदर्शन गर्ने ल्याकत गुमाएका पार्टी र नेताहरु शक्तिकेन्द्रको दलालीमा राजनीतिक भविष्यको सुरक्षा देख्न थालेका छन्। लामो समयदेखि नेपालमा यही सोचको अभ्यास र प्रयोग हुँदै आएको छ। पर्दा पछाडि र सुक्ष्मरुपमा रहेका यी प्रयोगहरुले अहिले ‘ओपन सेक्रेट’ को स्वरुप ग्रहण गरिसकेका छन्। अर्थात् नेपाल शक्तिकेन्द्रको प्रयोगशाला बनेको छ।

तथ्यहरुले पुष्टि गर्दछन् कि नेपालका राजनीतिक पार्टीहरुमा शक्तिकेन्द्रको निर्णायक प्रभाव छ। त्यसैले उनीहरुका गतिविधि शक्तिकेन्द्रको ईशारा र निर्देशन मुताविक हुने गरेका छन्।

पछिल्लो राजनीतिक घटनाक्रममा देउवा र प्रचण्ड इन्डो–पश्चिमा कित्तामा उभिएका छन्। दिल्ली र वासिङ्टनको स्वार्थ रक्षाको मतियार बन्न खोजिरहेका छन्। ओलीलाई बेइजिङको व्याक सपोर्टमा सत्ताको गणितीय खेलमा अल्पमतमा पर्दा पनि राजीनामा गर्न अटेर गरिरहेका छन्।

सिआइए र रअको सल्लाहमुताविक नचलेर बेइजिङतिर ढल्कन पुगेको ओली सरकार विस्थापनका लागि सिआइए र रअले लामो समयदेखि कसरत गरिरहेको थियो। उनीहरुको मिसन मुख्यतः चिनियाँ राष्ट्रपतिले गर्ने भनेको सम्भावित नेपाल भ्रमण हर हालतमा प्रभावित तुल्याउनु थियो। माकेको ओली सरकारबाट बहिर्गमन, ओलीविरुद्ध संसदमा माके र काङ्ग्रेसको अविश्वास प्रस्ताव दर्तालगायतका घटनाक्रमसम्म आइपुग्दा उनीहरु आफ्नो रणनीतिमा धेरै हदसम्म सफल भएका छन्।

विश्व शक्ति केन्द्रको हैसियतमा विश्व रङ्गमञ्चमा उदाउँदै गरेको चीन पश्चिमा साम्राज्यवादका निम्ति ठूलो टाउको दुखाइको विषय बनेको छ। दक्षिण एशियामा भारतमार्फत् उसले चीनविरुद्ध गतिविधि गर्दै आएको छ। चीनको संवेदनशील क्षेत्र तिब्बतको सीमाना नेपालसँग जोडिएकाले चीनविरोधी गतिविधि सञ्चालनका लागि नेपाललाई उपयुक्त थलोको रुपमा प्रयोग गरिरहेको छ।

प्रसिद्ध भारतका साम्राज्यवादी विरोधी लेखक दीपक मलहोत्राले आफ्नो पुस्तक ‘ब्रेकिङ इन्डिया’मा लेखको छन्- ‘प्रचण्ड–बाबुराम माओको आवरणमा प्रचण्ड क्याथोलिक र बाबुराम प्रोटेस्टेन्ट क्रिश्चियन केन्द्रमार्फत चीन विरोधी आधार निर्माण गर्न लागिरहेका छन् र पाश्चर डा. केबी रोकायाले इशाई मेशिनरीअन्तर्गत सम्पर्क सूत्रको रुपमा काम गरिरहेका छन्।’

भारतमा प्रतिबन्धित रहेको यो पुस्तक मलहोत्राको धारणा अन्ततः माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले अहिले आएर पुष्टी गरिदिएको मलहोत्राको पुस्तक अध्ययन गरेका नेपालका राजनीतिक विश्लेषकहरु बताउँछन्। धेरै सयमसम्म प्रचण्डले चीनलाई भ्रम दिन खोजेपनि अन्ततः आफ्नो असली अनुहार सार्वजनिक भइ छाडेको विश्लेषकहरुको दावी छ।

यसरी नेपालका राजनीतिक पार्टी तथा नेताहरु शक्तिकेन्द्रको गोटी बन्नु भनेको नेपालको सार्वभौमिकताका लागि निकै ठूलो चुनौतीको विषय हो। सत्ता स्वार्थका निम्ति नेपाली राष्ट्रियतालाई नै बन्दकी राख्ने प्रवृत्ति बोकेका नेपाली नागरिकहरुले बेलैमा यस्ता प्रवृत्तिको पहिचान गर्न जरुरी छ र नेपाललाई विदेशीको स्वार्थको प्रयोगशाला हुनबाट जोगाउनु पर्दछ। तसर्थ, विदेशी हस्तक्षेप निम्त्याउने खेल अविलम्ब बन्द गरिनु पर्दछ। एउटाका विरुद्ध अर्काको कार्ड प्रयोग गर्ने खेल सँदाका लागि अन्त्य गर्दै सह–अस्तित्व र परस्पर हितलाई केन्द्रमा राखेर छिमेकीसँग सम्बन्ध राख्ने सोचको विकास गर्नु पर्दछ। नेपालमा स्वतन्त्र हैसियत राख्नसक्ने ल्याकत भएको राजनीतिक शक्तिको खाँचो बढेर गएको छ।


परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निश्पक्ष खबर तथा
विचारका लागि सँधै हेर्ने र पढ्ने गरौँ।

www.moolbato.com

# सारसङ्ग्रहवादबारे केही कुरा



हस्तबहादुर के.सी.

> सारसङ्ग्रहवादी चिन्तनले पुँजीवादी सिद्धान्त र मार्क्सवादी सिद्धान्त, संसदीय बाटो र सशस्त्र सङ्घर्षको बाटोबिच क्रान्तिकारी कार्यदिशा र अवसरवादी कार्यदिशालाई एउटै ठाउँमा मिलाउने र जनतामा भ्रम छर्ने काम गर्दछ।

विश्वमा धेरै प्रकारका दार्शनिक प्रणालीहरू छन्। सारसङ्ग्रहवाद पनि एक दार्शनिक प्रणाली हो। आदिम साम्यवादी सामाजिक व्यवस्थालाई पार गरेर जब मानवसमाज वर्गीय समाज, जो दास प्रथात्मक वर्गीय समाजमा प्रवेश गर्‍यो, त्यसपश्चात् मानिसले उत्पादनमा भाग लियो। उत्पादनको पनि विकास हुन गयो। त्यसपछि मानवसमाजमा श्रमविभाजन, व्यक्तिगत सम्पत्तिको उदय र वर्गसङ्घर्षको प्रक्रियासँग दर्शनको पनि जन्म भयो।

हरेक इतिहासको विकासको प्रक्रियाको अध्ययन सम्बन्धित विषयवस्तुसँग अन्तरसम्बन्धित भए झैँ दर्शनको ऐतिहासिक विकास प्रक्रियाको अध्ययन दर्शनको इतिहाससँग सम्बन्धित छ। दर्शनको इतिहासमा भौतिकवाद र अध्यात्मवाद तथा द्वन्द्ववाद र अधिभूतवाद सहित विभिन्न धारहरू बिचको सङ्घर्ष, दर्शनको विकास, वर्ग र वर्गसङ्घर्षमा दार्शनिक पक्षधरता जस्ता विषयवस्तुहरूबारे व्यवस्थित रूपले अध्ययन गरिन्छ। वस्तुविकासको प्रक्रिया झैँ दर्शनको विकास प्रक्रियाको नियम सङ्गतिलाई बुझ्नका लागि दर्शनको इतिहासको अध्ययनले आवश्यक मद्दत गर्दछ।

दर्शनको इतिहासबारे कार्ल मार्क्स, फ्रेडरिक एङ्गेल्स, लेनिन, माओले आ–आफ्ना विभिन्न रचनाहरूमा आवश्यक प्रकाश पार्नुभएको छ। चिन्तनको विकास प्रक्रियाबारे कार्ल मार्क्स भन्नुहुन्छ- “हरेक साँचो दर्शन आफ्नो समयको बौद्धिक सार र संस्कृतिको जीवन्त आत्मा हो।” त्यस्तै चिन्तनको विकास प्रक्रियाबारे फ्रेडरिक एङ्गेल्स भन्नुहुन्छ- “हरेक युगमा र त्यसैले हाम्रो युगमा पनि सैद्धान्तिक चिन्तन ऐतिहासिक विकासको परिणाम हुन्छ। जसले अलग अलग धेरै भिन्न प्रकारका रूप धारण गर्दछ र रूपका साथसाथै जसको अन्तरवस्तु पनि परिवर्तित भइरहन्छ। अतः अरू हरेक विज्ञानको जस्तै चिन्तन विज्ञानको पनि ऐतिहासिक विज्ञान हो। र, यो मानव चिन्तनको ऐतिहासिक विकासको विज्ञान हो।”

मार्क्स र एङ्गेल्सका यी संश्लेषणबाट के शिक्षा प्राप्त हुन्छ भने एकातिर चिन्तनलाई ऐतिहासिक विज्ञानको रूपमा र अर्कोतिर चिन्तन विकासको प्रक्रियामा त्यसको अन्तरवस्तु र रूपमा पनि परिवर्तन हुँदै जाने कुरा बुझ्न सकिन्छ।

सारसङ्ग्रहवादको विकास प्रक्रियाको ऐतिहासिक सन्दर्भ निकै लामो छ। सारसङ्ग्रहवाद एक दार्शनिक प्रणाली भएकाले वर्गको उत्पत्तिसँगै यो दर्शनको पनि जन्म र विकास हुँदै आएको छ। यसको विकास प्रक्रियाका बारेमा मोहन बैद्य ‘किरण’ अगाडि भन्नुहुन्छ- “सारसङ्ग्रहवाद निकै पुरानो दार्शनिक प्रणाली हो। यो प्राचीन भारत र युनानदेखि लिएर अहिले पनि विद्यमान रहिआएको छ।” मोहन बैद्य ‘किरण’ को भनाइबाट पनि के प्रस्ट हुन्छ भने सारसङ्ग्रहवादी चिन्तन र दार्शनिक प्रणालीको विकास प्रक्रिया निकै लामो छ र वर्तमान अवस्थामा यसको विकास प्रक्रिया जारी छ।

विभिन्न दृष्टिकोणहरू, परस्पर विरोधी दार्शनिक विचारहरू सैद्धान्तिक अधिकारहरू, राजनीतिक मुल्य मान्यताहरू आदिलाई छ्यासमिस गरी मिलाउने र गज्याङ्मज्याङ् पारी प्रस्तुत गर्नुलाई सारसङ्ग्रहवाद भनिन्छ। सारसङ्ग्रहवाद यस्तो चिन्तन प्रणाली हो, जसले कुतर्कवादका आधारमा अनेकौँ अनमेल विचार, सिद्धान्त र दृष्टिकोणलाई एकै ठाँउमा घालमेल पार्ने काम गर्दछ। सारसङ्ग्रहवादीहरूबारे लेनिन भन्नुहुन्छ-“सारसङ्ग्रहवादीहरू या त असंस्कृत मानिस हुन् या धूर्त।” उदाहरणको रूपमा एमाओवादी अध्यक्ष प्रचण्डलाई लिन सकिन्छ, जस्तो कि प्रचण्डद्वारा वर्गसङ्घर्ष र दुईलाइन सङ्घर्षको क्षेत्रमा निरन्तर सारसङ्ग्रहवादको प्रयोग गर्दै आउनुभएको छ। प्रचण्डमा महान् लेनिनले भन्नुभएका यी माथिका सारसङ्ग्रहवादका विशेषताहरू प्रवल रूपमा पाइन्छन्। प्रचण्डमा एकातिर मार्क्सवाद र प्रतिक्रियावादलाई एउटै ठाउँमा मिसाउने चिन्तन पाइन्छ भने अर्कोतिर जालझेल गर्ने यी सारसङ्ग्रहवादका प्रमुख विशेषता हुन्।

यो किसिमका चिन्तन प्रणालीहरूलाई युनानी दार्शनिकहरूले भ्रमवाद पनि भन्ने गर्दथे। यहाँनेर प्रचण्डले एकातिर क्रान्तिका कुरा पनि गरेर जनतालाई भ्रममा पार्ने काम गर्दै आएका छन् भने अर्कोतिर प्रतिक्रान्तिकारी कदम पनि चाल्दै आएका छन्। फ्रेडरिक एङ्गेल्सले सारसङ्ग्रहवादलाई खिँचडीवाद भनेका छन्। यसले भौतिकवादलाई प्रत्ययवादसँग जोड्नका लागि विभिन्न प्रयत्नमा वा मार्क्सवाद र अनुभववादलाई द्वन्द्वात्मक भौतिकवाद तथा कान्टवाद आदिसँग मिलाउने संशोधानवादीहरूको इच्छा पुरा गरिदिने प्रयत्नमा रहन्छ।

सारसङ्ग्रहवाद वर्तमान अवस्थामा पुँजीवादी दर्शनको पनि विशेषता हो। सारसङ्ग्रहवादको मुख्य कमजोरी वस्तुगत जगत्को सम्बन्ध तथा सङ्घर्ष सूत्रको कूल जोडबाट वस्तु र परिघटनाको ठोस ऐतिहासिक सापेक्षतामा यसको मुख्य सम्बन्धलाई अलग गर्न असमर्थ हुनु हो। यसले घटनाहरूको शृङ्खलामा मुख्य कडीको खोजीमा बाधा उत्पन्न गर्दछ र ठोस ऐतिहासिक अवधिको सर्वाधिक तात्कालिक समस्या समाधानको लागि कदम उठाउन रोक्छ। जस्तो कि प्रचण्डले जनताको नयाँ संविधान बनाउन कदम उठाउन नसक्नु र जनविद्रोहको कार्यदिशालाई बोक्न नसक्नु यसकै परिणाम हो। यसैलाई ऊँटवाद पनि भनिन्छ। जसरी ऊँटका विभिन्न अङगहरू तथा पशुका राम्रा अङ्गहरू ल्याएर जोड्दा यसको रूप राम्रो नभएर कुरूप हुन पुग्दछ। सारसङ्ग्रहवाद पनि यस्तै हो। यसले सारहरूलाई यान्त्रिक रूपमा जोड्छ र विभिन्न दर्शन र सिद्धान्तलाई एकै ठाँउमा जोडेर कुरूप बनाउने र कतिपय राजनीतिक विचारहरू मौलिक रूपमा नभएर विभिन्न दर्शनहरूका सारलाई जोड्ने काम गर्दछ। यसले न त मार्गचित्र प्रस्तुत गर्न सक्छ न दृष्टिकोण र निर्देशन दिन सक्छ। त्यसैले यो एउटा थुप्रोको रूपमा मात्र रहन्छ।

द्वन्द्वात्मक भौतिकवाद सारसङ्ग्रहवादका विरूद्ध खडा छ। द्वन्द्वात्मक भौतिकवाद मार्क्सवादको आधारभूत सिद्धान्त र नियमहरूको एक प्रमुख तत्व हो। मार्क्सवाद विश्वदृष्टिकोण र सर्वहारावर्गको मुक्तिको सैद्धान्तिक हतियार हो। द्वन्द्ववादी चिन्तन अनुसार अर्थात् मार्क्सवादी सिद्धान्त अनुसार वस्तु, घटना र प्रक्रियालााई मुर्तरूपमा ग्रहण गर्ने, ठोस परिस्थितिको ठोस विश्लेषण गरी मुख्य अन्तरविरोध मुख्य प्रवृत्ति तथा सारतत्वलाई ठम्याउने वस्तुहरूको पारस्परिक अन्तरसम्बन्ध र भिन्नतालाई सुसङ्गत ढङगले समग्रतामा अध्ययन गर्ने गरिन्छ तर सार सारसङ्ग्रहवादीहरूले यसको विपरीत वस्तु, घटना र विचारलाई घालमेल पारेर, छ्यासमिस गरेर खिँचडी तयार पार्दछन्। तमामखाले संशोधनवादीहरूले मार्क्सवादीहरूका विरूद्ध सारसङ्ग्रहवादी चिन्तन प्रणाली अवलम्बन गर्दछन्। पुँजीवादी सिद्धान्त र मार्क्सवादी सिद्धान्त, संसदीय बाटो र सशस्त्र सङ्घर्षको बाटो बिच क्रान्तिकारी कार्यदिशा र अवसरवादी कार्यदिशालाई एउटै ठाउँमा मिलाउने र जनतामा भ्रम छर्ने काम गर्दछ। यो विषयमा लेनिन भन्नुहुन्छ- मार्क्सवादलाई अवसरवाद बनाउने जालसाजी अन्तर्गत सारसङ्ग्रहवादलाई द्वन्द्ववाद बनाउने जालसाजीद्वारा जनसमुदायलाई धोका दिनु ज्यादै सजिलो हुन्छ। ठिक यसैकारण आजको युगमा तमाम प्रकारका प्रतिक्रियावादी तथा अवसरवादीहरूले मार्क्सवादका विरूद्ध सङ्घर्ष गर्दा सारसङ्ग्रहवादको उपयोग गर्दै आएका छनर्। यसबारे सच्चा मार्क्सवादीहरू अत्यधिक सतर्क रहन जरूरी छ। अहिले प्रचण्ड र बाबुरामले यही तरिका अवलम्बन गर्दै आएका छन्।

सारसङ्ग्रहवाद र द्वन्द्ववाद विपरीत दर्शन प्रणाली र विचार शृङ्खला हुन्। अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा सारसङ्ग्रहवाद र मार्क्सवादी द्वन्द्ववादका बिच भीषण सङ्घर्ष चल्दै आएको छ।

## संसदवादीहरुको खेल ...

प्रकार विगत ९ महिनामा पालैपालो गरी जसरी र जुन राजनीतिक पार्टीहरुसँग माकेले गठबन्धन गरेको छ, त्यसले नेपालका सबै प्रतिकृयावादी राजनीतिक शक्तिहरुसँगै आफूलाई समाविष्ट गराएको छ। यस प्रकार माकेले आफ्नो रहलपहल “क्रान्तिकारीता” पनि पूर्णरुपमा समाप्त पारेको छ। पूर्व नेकपा (माओवादी) विभाजन पश्चात् बनेको माओवादी केन्द्रका नेताहरुले संसदीय फोहोरी खेलमा सामेल भएर आफ्नो असली अनुहार प्रष्ट पारेका छन्। अब त्यो पार्टीले आफ्नो नाममा “कम्युनिष्ट” र “माओवादी“ राखिराख्नुको पनि खासै औचित्यता देखिँदैन।

### भारतको खेल !

ओली नेतृत्वको सरकार बन्ने बेला माके र एमाले दुबैले ‘भारत सरकारको इच्छा विपरीत संविधान जारी गरेको र सरकार बनाएको’ र त्यसो गरेर उनीहरुले नेपालको राष्ट्रियता जोगाएको प्रचार धुमधामका साथ गरेका थिए। उनीहरुकै भनाईलाई सही मान्ने हो भने ओली नेतृत्वको सरकार भारत सरकारले नचाहेको सरकार थियो र स्वभाविक रुपमा नै भारत त्यो सरकारलाई गिराउन चाहन्थ्यो। अहिले नेका र माकेको गठबन्धन बनाएर जसरी यो सरकार ढाल्ने तयारी भएको छ, त्यस्ले यो खेलमा कतै न कतै भारत सामेल छ भनेर अनुमान गर्न कुनै कठिनाई पर्दैन। नेका प्रतिपक्षमा बसेको पार्टी भएको र यो भारतको इशारामा चल्ने भएकाले यसले यो खेल खेल्नुलाई सहज र प्राकृतिक नै मान्नु पर्दछ। तर, आफैंले भारतलाई चुनौती दिएर आफ्नो पार्टीसहित ओली नेतृत्वको सरकार बनाएकोमा गर्व गरेर नथाक्ने माके नै यो सरकार ढाल्न अघि बढ्नुलाई चाहिँ अप्राकृतिक रुपमा नै लिइएको छ। कतिपय राजनीतिक विश्लेषकले यसलाई माकेको भारत भक्तिको यात्राको रुपमा व्याख्या गरेका छन्।

ओलीका बिरुद्ध अविश्वासको प्रस्ताव दर्ता हुने बित्तिकै भारत सरकारले जुन खुसियाली व्यक्त गर्दै सकारात्मक प्रतिकृया दियो, त्यसले पनि यो प्रकृयामा भारत संलग्न भएको कुरा बुझ्न कुनै कठिनाई पर्दैन। नेपालका संसदीय राजनीतिक पार्टीहरुमा भारत भक्तिका लागि जुन दौड चल्ने गरेको छ, त्यसमा यसपाली माकेले बाजीमारेको जस्तो देखिन्छ।

### अब के होला ?


अब के होला ? यसको आँकलन अहिले नै गरिहाल्ने स्थिति बनि सकेको देखिँदैन। केवल अनुमान मात्र गर्न सकिन्छ।

केपी ओलीले उनका बिरुद्ध अविश्वासको प्रस्ताव आउने बित्तिकै राजीनामा दिएर बिदा भएको भए यो खेल त्यतिखेरै टुंगिइसकेको हुने थियो। तर, उनले राजीनामा नदिएर ‘अविश्वासको प्रस्तावको सामना गर्दछु’ भन्ने अडान लिए र यो प्रकृया जसरी अघि बढिरहेको छ, त्यसबाट संसदीय पार्टीहरुका वीचका दुरी हाललाई बढेको र अन्तर्विरोध चर्किएको नै देखिन्छ। ओलीले अब यसको सामना कसरी गर्छन् त ? उनले संसदमा भोटिङ् हुँदा हारेर प्रधानमन्त्री पद छाड्नुलाई नै “सामना गरेको” भन्ने हो भने यो दुई चार दिनको हो हल्ला मात्रमा सीमित हुनेछ। यदि त्यसो होइन र आफुसँग भएका सबै हतियारसहितको लडाईं एमालेले लड्न खोज्यो भने यो बहिर्गमन त्यति सजिलो नहुन पनि सक्दछ। यतिखेर सभामुख माकेको कोटाबाट भएकी र राष्ट्रपति एमालेको कोटामा परेकी हुनाले उनीहरुको आफ्नो भूमिकालाई कसरी प्रस्तुत गर्ने हुन् भन्ने कुराले यो प्रकृयामा ठूलो प्रभाव पार्न सक्दछ। यसका साथै संसदीय व्यवस्थामा प्रधानमन्त्रीलाई विशेष अधिकार दिइएको हुन्छ। त्यो अन्तिम अस्त्र अहिले ओलीसँग छ। ओलीले अन्तिम विकल्प आफूले नखोल्ने भनेकोलाई कुन कुराको संकेत मान्ने, यो प्रश्न पनि छ।

त्यसकारण, अब के हुने हो ? त्यसको सही जवाफ अरुले दिन कठिन छ। यो कुरा यो खेलमा सामेल भएकाहरुलाई नै थाहा होला, परिणाम नआउन्जेल प्रतीक्षा गरौं !

२०७३/४/२

# संसदवादीहरुले सत्तामा टिक्न विदेशीकै मुख ताक्ने गरेका छन्



मोहन वैद्य 'किरण'
अध्यक्ष, नेकपा (क्रान्तिकारी माओवादी)

***संसदवादीहरूको सरकार फेरबदलको खेललाई नेकपा (क्रान्तिकारी माओवादी)ले कसरी हेरिरहेको छ ?***

संसदवादी शक्तिहरूका बिच सरकार फेरबदल गर्ने खेल पहिले पनि निकै चल्ने गर्दथे र अहिले पनि चल्दै आएका छन् । यस्ता खेललाई हामीले कुनै ठूलै र विचित्र घटनाका रूपमा लिनुपर्ने देखिंदैन ।

***ओली नेतृत्वको सरकारको तुलनामा प्रचण्ड वा देउवाको नेतृत्वमा बन्ने सरकारले भूकम्प र नाकाबन्दीबाट आजीत नेपाल र नेपाली जनताको हितमा केही फरक पार्ला ?***

विगतको इतिहास र अहिलेका उनीहरूका विचार, दृष्टिकोण तथा व्यवहारमाथि ध्यान दिंदा मूलभूत रूपमा केही फरक पार्ला जस्तो लाग्दैन ।

***संविधान संशोधन गरी आन्दोलनरत मधेसी र जनजातिहरूको माग सम्बोधन भएको खण्डमा नेकपा (क्रान्तिकारी माओवादी) को सरकार र संविधानप्रतिको दृष्टिकोणमा केही परिवर्तन आउँछ कि ?***

हामी संविधान संशोधन गरेर कुनै गुणात्मक र आमूल परिवर्तन हुने देख्दैनौं । त्यसप्रकारको परिवर्तनका लागि त वर्तमान प्रतिक्रियावादी राज्यसत्ताकै अन्त्य र जनताको जनवादी राज्यसत्ताको स्थापना गर्न जरुरी हुन्छ । यहाँ प्रश्न मधेसी र जनजाति समुदाय मात्रको होइन, आम उत्पीडित वर्ग र जनसमुदायको मुक्तिको प्रश्न हो ।

***सरकार फेरबदलको यो खेलमा वाह्य शक्तिकेन्द्रको तीव्र चेलखेल भएको चर्चा राजनीतिक बजारमा व्याप्त छ । नेपालका संसदवादी राजनीतिक पार्टीहरूले नेपाली राजनीतिमा आफ्नो 'स्वतन्त्र हैसियत' गुमाइसकेका हुन् ?***

सरकार फेरबदलमा विदेशी शक्तिकेन्द्रको तीव्र चलखेल भएको कुरा साँचो हो । नेपालजस्तो अर्धसामन्ती र अर्ध/नवऔपनिवेशिक अवस्थामा रहेको देशमा दलाल राजनीतिक शक्तिहरूमार्फत बाह्य शक्तिहरूले आफ्नो स्वार्थ सिद्ध गर्न हिजो पनि प्रयत्न गरेका हुन्थे र अहिले त्यो प्रयत्न निकै बढेर आएको देखिन्छ । नेपालमा संसदवादी, प्रतिगामी तथा यथास्थितिवादी सबै राजनीतिक दलहरूले राजनीतिमा आफ्नो स्वतन्त्र हैसियत समाप्त पारिसकेका छन् । उनीहरू सत्ता वा सरकारमा टिक्नका लागि विदेशकै मुख ताक्तै आएका छन् । त्यो कुरा अहिलेको लागि पनि सत्य हो ।

> नेपालमा संसदवादी, प्रतिगामी तथा यथास्थितिवादी सबै राजनीतिक दलहरूले राजनीतिमा आफ्नो स्वतन्त्र हैसियत समाप्त पारिसकेका छन् । उनीहरू सत्ता वा सरकारमा टिक्नका लागि विदेशकै मुख ताक्तै आएका छन् । त्यो कुरा अहिलेको लागि पनि सत्य हो ।

***नेपाली राजनीतिमा स्वतन्त्र हैसियतको वैकल्पिक राजनीतिक शक्तिको रूपमा अगाडि आउने प्रयत्नमा नेकपा (क्रान्तिकारी माओवादी) देखिन्छ, चुनौती र सम्भावना कस्तो देख्नुहुन्छ ?***

हो, हाम्रो पार्टी नेपाली राजनीतिमा स्वतन्त्र हैसियत राख्ने वैकल्पिक शक्तिका रूपमा विकसित हुन प्रयत्नशील रहेको छ । यस दिशामा भीषण चुनौती र महान् सम्भावना दुवै छन् । त्यसप्रकारका चुनौतीहरूको सामना गर्दै महान् सम्भावनाका ढोका उद्घाटन गर्नका लागि हामीले अत्यन्तै ठूलो परिश्रम गर्नुपर्दछ र त्यस दिशामा हाम्रो प्रयत्न जारी छ ।

***पार्टीको राष्ट्रिय भेलापछि क्रान्तिकारी माओवादी जनसंघर्षहरूको उठानको तयारीमा जुटेको देखिन्छ । संघर्षलाई कुन कुन मुद्दामा केन्द्रित गर्दै हुनुहुन्छ ? संघर्ष उठानका सम्भावनाहरू कस्तो देख्नुहुन्छ ?***

राष्ट्रिय भेलापछि हामी मुख्यतः साङ्गठनिक काममा लागेका छौं । हाम्रो जनसङ्घर्षको तयारी मूलतः राष्ट्रियता, जनतन्त्र र जनजीविकाका जल्दाबल्दा समस्याहरूमा नै केन्द्रित हुन्छ । साथै, हामी स्थानीय रूपमा वर्गसङ्घर्षको विकासमा पनि ध्यान केन्द्रित गर्नेबारे गम्भीर बन्दै गइरहेका छौं । सङ्घर्ष त उठ्न सक्तछ, परन्तु त्यस निम्ति आत्मगत तयारीबारे सचेत रूपमा लाग्नुपर्दछ ।

***पार्टीको राष्ट्रिय भेलापछिको पार्टी जीवनको स्थितिबारे केही बताइदिनुस् न ?***

राष्ट्रिय भेलापछि पार्टी नयाँ बन्दै जान थालेको छ । अहिले पार्टीमा नयाँ ढङ्गको जोश, जाँगर र उत्साह बढ्दै गएको छ ।

***नेपाली कम्युनिष्ट आन्दोलनमा क्रान्तिकारी ध्रुवीकरणको स्थिति कस्तो देख्नुभएको छ ? त्यस दिशामा केही पहलहरू भएका छन् कि ?***

तत्काल हामीले त्यस दिशामा केही सोंचेका छैनौं र तुरुन्तै सोंचिहाल्नुपर्ने स्थिति पनि अहिले देखिंदैन । त्यसैले त्यस दिशामा कुनै ठोस पहल पनि भएको छैन ।

***अन्तमा, छुटेका केही विषयहरू छन् भने राखिदिनुस् न ।***

अहिलेलाई यत्ति नै, धन्यवाद !

# माकेले जनवादी क्रान्ति सम्पन्न भएको पुष्ट्याइदिन सक्छ ?

भुलबहादुर सुनारी, *केन्द्रीय सल्लाहकार, नेकपा (क्रान्तिकारी माओवादी)*

१. के यो राज्यसत्ता किसान मजदुरको अधिनायकत्व राज्य सत्ता हो ?
२. नागरिक बडापत्रमा जनगणतन्त्र नेपाल उल्लेख गरिएको छ ?
३. जनकम्प्युन छ र जनअदालत छ ?
४. यो सेना जनमुक्ति सेना या प्रतिक्रियावादी सेना हो ?
५. यो जनवादी संविधान हो ?
६. सामन्तको जमिन खोसेर भूमिहीन किसानहरुलाई बिना मुआब्जा वितरण गरियो ?
७. सामन्त दलाल नोकरशाह र भ्रष्ट्राचारीहरुको सम्पत्ति राष्ट्रियकरण गरियो ?
८. जनवादी शिक्षा लागू गरियो ?
९. नयाँ जनवादी राज्य व्यवस्थामा जनताको लागि स्वास्थ्य, शिक्षा, रोजगारको ग्यारेन्टी गरियो ?
१०. वृद्ध र असक्तहरुको लागि न्यूनतम आधारभूम पेन्सन र सेवा प्रबन्ध गरियो ?
११. वर्गीय रुपमा जनतामा समानता आयो ?
१२. जातीय क्षेत्रीय लिङ्गीय समानताको लागि आत्मनिर्णयको अधिकार, संघात्मक, स्वशासन, समानुपातिक, विशेषाधिकारको ग्यारेन्टी भयो ?
१३. समानताको आधारमा हुम्ला, जुम्ला, कालिकोट, मुगुको जनताले के पायो ?
१४. राष्ट्रिय स्वाधीनताको लागि १८१६ को सुगौली सन्धि, दिल्ली सम्झौता, १९६५ को सुरक्षा सम्झौता, १९५६ कोशी, १९५९ गण्डक, १९९० को महाकाली, अपर कर्णाली, अरुण तेस्रो, १९६२ को कालापानी ३७ हजार हेक्टर सुस्ता महेशपुरको १५ हजार हेक्टर मेची तटको १६ सय हेक्टर र नेपालको दार्चुला जिल्लाको लिम्पियाधुरा, कालापानीदेखि ताप्लेजुङको मानेभञ्याङसम्मको २१ जिल्लाको ६२ स्थानको अतिक्रमित नेपाली भूभाग फिर्ता भयो ?
१५. महाकाली नदीलाई साझा बनाइएको र नेपालको करिब ५४ किलोमिटर जमिन भारतले मिचेको समस्या समाधान भयो ?
१६. प्रचण्ड र बाबुरामले भारतसँग गरेको विप्पा सम्झौता, चारबुँदेमा जन्मसिद्धको आधारमा भारतीयलाई नागरिकता दिने, एक मधेश एक प्रदेश मधेसीको नाममा एउटै क्याम्पमा राख्ने भन्ने के यो नेपालीको हितमा छ या दलालीकरण हो ?
१७. पञ्चशीलको आधारमा दौत्य सम्बन्ध कायम भयो ?
१८. संयुक्त राष्ट्रसंघको घोषणा पत्र अनुसार भू परिवेष्ठित मुलुकले पाउनुपर्ने अधिकार प्राप्त भयो ?
१९ . राष्ट्रिय उद्योगलाई प्राथमिकता र विदेशी दलालहरुको उद्योगलाई निरुत्साहित गर्ने काम भयो ?
२०. हप्तामा ४० घण्टा कामको ग्यारेन्टी लगायत मजदुर अधिकारको सुरक्षाको ग्यारेन्टी भयो ?

# पहिचानको राजनीति र नेपालको सन्दर्भ

के. बी. गुरुङ

प्रारम्भः आज नेपालमा आदिवासी जनजाति, मधेसी लगायत विभिन्न जाती, वर्ग, लिङ्ग, समुदाय र उपेक्षित क्षेत्रका जन समुदायले आफ्नो पहिचानका आधारमा अधिकार खोजीरहेका छन् । पहिचानको प्रश्न उनीहरूको अधिकारसंग जोडिएको छ। नेपालको सामन्ती ब्राहमणवादी शासक वर्ग र जातिले उनीहरूको पहिचान र मान्यताहरूलाई नामेट पार्ने दुस्प्रयास गर्दै आएका थिए । र, आज पनि त्यो वर्ग र जातीले आफ्नो कुत्सित चाललाई विभिन्न रुपमा जारिराखेको छ।

नेपाल जातीय, भाषिक, धार्मिक र साँस्कृतिक एंव भौगोलिक विविधत्तायुक्त समाजिक बनोटमा आधारित देश भएको जगजाहेर छ । तर विविधत्तायुक्त समाजिक बनोटलाई शासक वर्गको ब्राहमाणवादी सोचले राज्यमा एकल जातीय आधिपत्य जमाउन गरेको र गर्दै आएको दुस्परिणाम् आदिवासी जनजाति, मधेसी लगायतका जात, जाति र समुदायको मौलिक पहिचान र अस्तित्व नै संकटमा परेको हो । राज्य सत्ताबाट बहिष्करण र सिमान्तकृत हुन परेको हो । त्यसैले आज उपेक्षित, उत्पीडित र सिमान्तकृत जाति, क्षेत्र, लिङ्ग र वर्गले आफ्ना पहिचान र हक अधिकार खोजिरहेकाछ्न् । अधिकारका लागि पहिचान हुनु अनिवार्य हुँदो रहेछ । त्यसकारण आज पहिचानको राजनीतिले नेपालमा पनि जोर पक्रेको छ।

तर 'पहिचानको राजनीति'को सवल र दुर्वल पक्षको विचार र जानकारी बेगर निरपेक्षरूपमा आत्मसात गर्न खोजिए वा गरिए त्यसको परिणाम आदिवासी जनजाति, मधेसी लगायत जनसमुदायका पक्षमा नहुन पनि सक्दछ । तसर्थ पहिचान र अधिकारको निम्ति आवाज र आन्दोलन गरिरहेका जाति, समुदाय, क्षेत्र र वर्गका अभियानकर्ताहरू पहिचानको राजनीतिको सवल र दुर्वल पक्षकाबारेमा प्रष्ट हुनु पर्ने आवश्यकता छ।

पहिचानको राजनीतिको पृष्ठभूमिः बीसौं शताब्दीको मध्यतिर खास गरेर अमेरिकामा महिला अधिकार वादी र काला जातिका सामाजिक अधिकारकर्ताहरुले उनहिरूको पहिचान र अधिकारको लागि आवाज र आन्दोलन उठाए । त्यो आन्दोलनले राजनीतिकरूप लिदै जादा त्यसको परिभाषित गर्ने क्रममा 'पहिचानको राजनीति' वाक्यांस अगाडि आएको देखिन्छ । तर पछिल्ला समय अवधीमा विश्वका कैयन देशहरुमा राज्य शक्तिमा प्रभुत्व कायम रहेका जातिहरूबाट दमन र उत्पीडनमा परेर अन्याय, अत्याचार र असमानता खेप्नु परेका उत्पीडित जाति र समुदायले न्याय, समानता तथा मुक्तिका लागि आवाज र आन्दोलन उठाउने क्रममा 'पहिचानको राजनीति'लाई आत्मसात गर्दै आएको र त्यसले व्यापकता पाउदै गएको हो।

'पहिचानको राजनीति'का बारेमा सैद्धान्तीककरण र परिभाषित गर्ने विषयमा विभिन्न बहस र मत भिन्नताहरू पनि नभएका होइन । तर यहाँ त्यतातिर भन्दा 'पहिचानको राजनीति'को सार संक्षेपमा प्रष्टता र नेपालको सन्दर्भमा यहाका आदिवासी जनजाति, मधेसी लगायतका वर्ग, जाती, लिङ्ग, समुदाय र उपेक्षित क्षेत्रका जनताले आफ्नो पहिचान र अधिकारको पक्षमा उठाएको आवाज र आन्दोलनको केही चर्चा गरिने छ।

पहिचानको राजनीतिको सारसंक्षेपः खास विशेषता भएका र राज्य सत्तामा प्रभुत्व जमाएका वर्ग र जातिबाट दमन, उत्पीडन र अन्याय, अत्याचारमा परेका जाति, वर्ग, लिङ्ग, समुदाय र क्षेत्रका जन समुदायको पहिचानका आधारमा आर्थिक, राजनीतिक र सामाजिक लगायतका हक, अधिकार प्राप्त गर्ने मुद्दासंग सम्बन्धित छ।

पहिचानको सारतत्व अधिकारसंग जोडिएको विषय हो । जुनसुकै अधिकारको विषय राज्यसत्ता र राजनीतिसित अभिन्नरूपले गाँसिएको हुन्छ । यदि अधिकारबाट अलग गरेर मात्र पहिचान खोज्ने प्रयत्न गरिए प्रथमत पहिचान नै हुनेछैन । द्वीतियः पहिचान भए पनि त्यसको सार्थकता हुनेछैन । जसरी गोलीविनाको बन्दुकको सार्थकता हुँदैन । त्यसैगरी अधिकारविनाको पहिचान अर्थहीन हुन्छ । हक-अधिकार र पहिचान एक अर्काका पुरक हुन् । पहिचान नभए अधिकारको लागि आधार हुँदैन र अधिकार नभए पहिचानको पूर्णता वा सार्थता हुँदैन । यसरी पहिचान अधिकारको आधार हो भने अधिकार त्यसको सारतत्व र सर्वोच्चता हो ।

सवल पक्षः राज्य सत्तामा प्रभूत्व रहेका वर्ग र जातिबाट शोषण, दमन, उत्पीडन र असमानताको शिकार बनिरहेका खास विशेषता र मुद्दा भएका उत्पीडित र सीमान्तकृत वर्ग, जाति, लिङ्ग, समुदाय र क्षेत्रले आफ्ना हक अधिकार प्राप्तिका लागि उनीहरूका विशिष्ट पहिचान स्थापित हुनु आवश्यक छ । राज्यले त्यो पहिचानलाई मान्यता प्रदान गर्नु पर्दछ । त्यही मान्यताको आधारमा उनीहरूको विशेष मुद्दाहरूलाई राज्यले संवोधन गर्ने आधार प्रदान गर्दछ । यसरी पहिचानको राजनीतिको सवल पक्ष खास विशेषताका आधारमा विशिष्ट पहिचानको मान्यता र उनीहरूको मुद्दा संवोधन गर्ने आधार निर्माण हुन्छ । आफ्ना विशिष्ट पहिचान र मुद्दाका आधारमा ती जाति, वर्ग, लिङ्ग, समुदाय र क्षेत्रका जनता एक-अर्कामा आवद्ध र संगठित हुने वातारण बन्दछ।

दुर्वल पक्षः आलोचकहरूको भनाइछ, पहिचानको राजनीतिले समाजमा रहेका जनसमुदायलाई विभिन्न समूह र पक्षमा विभाजन गर्दछ । त्यसले सामाजिक एकतालाई खलबल्याउछ । यो भनाइमा केही सत्यता छ, तर त्यो एउटा पक्ष हो । अवश्य पनि सामुदायिक पहिचानको पक्षलाई मात्र आधार बनाउने प्रयत्न गरिए त्यसले जन समुदायमा विभाजन ल्याउनेछ । जातीय विद्वेष फैलाउने र जातीय एकताको पक्ष कमजोर हुनेछ।

पहिचानको राजनीतिको एउटा दुर्वल पक्ष जन समुदायलाई विभिन्न समुदायमा विभाजन गर्दछ । सामुदायिक पहिचानले प्राथमिकता पाउने र जन समुदायलाई गैर-राजनीतीकरण गराउने यसको अर्को दुर्वल पक्ष हो । यसरी जन समुदायमा विभाजन र राजनीतिबाट बिमुखीकरण गराउने 'पहिचानको राजनीति'का प्रमुख दुर्वल पक्ष हुन् ।

नेपालको सन्दर्भः नेपालमा विविध जात, जाति र समुदाय भएको सर्वविदितै छ । विविधत्ता हुनु नराम्रो होइन । राष्ट्रको विशिष्ट पहिचान र सान हो । तर विगतदेखि नै शासक वर्ग र जातिले विविधत्ताको बीच एकता होइन एक बनाउने धृष्टता गर्दै आएको छ। परिणाम् एक गराउन त सकेन तर विविधत्ता बीचको जातीय एकतालाई अवश्य पनि खलबल्याई दियो र कमजोर बनायो । र, सामुदायिक पहिचानलनई ओफेल र भ्रमित पारिदियो । जसले गर्दा कैयन जन समुदायको पहिचानका आधारहरू भाषा, संस्कृति, परम्परा, आदि लोप भए वा लोपोन्मुख हुन पुगे । आफ्ना पुर्ख्यौली थात-थलो आदि भूमिबाट विस्थापित हुनु पऱ्यो ।

त्यसकारण राज्य सत्ताको वागडोर सम्हालदै आएका वर्ग र जातिको युगौदेखि दमन, उत्पीडन र अन्याय, अत्याचारको मार खेप्दै आएका आदिवासी जनजाति, मधेसी, दलित, महिला, मुस्लिम तथा उत्पीडित वर्ग र उपेक्षित क्षेत्रका जनसमुदायको पहिचान र अधिकारको मुद्दा ज्वलन्त बनेको हो । उनीहरुले आज पहिचानका आधारमा आफ्ना आर्थिक, राजनीतिक र सामाजिक हक, अधिकारलाई राज्यले संवैधानिकरूपमा प्रत्याभूत र सोही अनुसार कार्यान्वयनको सुनिश्चिताको निम्ति आवज र आन्दोलन उठाइरहेका छन्।

पहिचानको मान्यताः सामान्यता, २०४६ को जनआन्दोलन पश्चात आदिवासी जनजाति र दलित समुदायको पहिचानलाई मान्यता दिन थालिएको हो । विशेषतः दश वर्षे जनयुद्ध, २०६२/६३को संयुक्त जनआन्दोलन, मधेस र आदिवासी जनजाति आन्दोलन लगायतका आन्दोलन र संघर्षहरुले मधेसी, आदिवासी जनजाति, दलित लगायत जनसमुदायको आफ्नो पहिचान र अधिकारहरुलाई काफीहदसम्म मुखारित गऱ्यो। तर पहिचानका आधारमा राज्य सत्तामा समावेसी, समानुपातिक प्रतिनिधित्व र पहुच भने ब्यवस्थित र संस्थागतरुपमा सुनिश्चित हुन सकिरहेको छैन । त्यसकारण आजको प्रधान पक्ष पहिचानका आधारमा आर्थिक, राजनीतिक र सामाजिक हक, अधिकारको संवैधानिक प्रत्याभूत हुनु र कार्यान्वयनको सुनिश्चिता हुनु हो, पहिचानलाई ब्यवस्थित र परिमार्जन गर्नु हो।

अधिकारको संवोधनः नेपालका आदिवासी जनजाति, मधेसी, महिला, दलित, मुस्लिम र उपेक्षित क्षेत्रका जन समुदायले उठाउँदै आएका प्रमुख मुद्दाहरू उनीहरूमाथि गरिदै आएको आर्थिक, राजनीतिक र सामाजिक असमानता, अन्याय र विभेदको अन्त्य गरी समानता र न्यायको प्राप्ति हो । त्यसका लागि आत्मनिर्णयको सिद्धान्त र जातीय क्षेत्रीय स्वशासनको आधारमा राज्यको संघीय संरचनाको निर्माण गर्नु हो । राज्यको सबै तह र अङ्गहरूमा समावेसी र समानुपातिक प्रतिनिधित्वको सुनिश्चित हुने संघीय गणँतन्त्रात्मक शासन प्रणाली स्थापना गर्नु हो।

सचेत र खबरदारीः उत्पीडित र उपेक्षित वर्ग, जाति, लिङ्ग, समुदाय र क्षेत्रका नाममा वा उनीहरुको पर्छैपति बनेर आफ्ना निहित स्वार्थ पूर्ति गर्न उद्दत विभिन्न रुप र रंगमा आउने देशी र विदेसी तत्वहरुको पहिचान गरी समयमै नाङ्गेझार गर्नु अनिवार्य छ। ती तत्वहरुबाट फैलाउन सक्ने जातीय र क्षेत्रीय विदष र दंगाहरुको बारेमा पनि सचेत हुदै तीनलाई खबरदारी गर्नु पनि त्यत्तिकै जरुरी छ।

अन्त्यमाः निस्कर्षमा भन्नुपर्दा पहिचानको राजनीति एउटा पूजवादी सुधारवादी नारा नै हो । तथापि यसलाई प्रगतिशीलरुपमा उठाउन र प्रयोग गर्न सके केही हदसम्म उत्पीडित र उपेक्षित वर्ग, जाति, लिङ्ग, क्षेत्रका जनसमुदायको हक, अधिकार प्राप्तिको आधार बन्न सक्दछ । तर, त्यसका लागि पश्चगामी र यथास्थितिवादीहरुले पहिचानको राजनीतिलाई आफ्ना निहित स्वार्थ पूर्तिको माध्यम बनाउने खतराबाट बचाउनु आवश्यक हुन्छ । उनीहरुले त्यसको आधारमा फैलाउन सक्ने जातीय, क्षेत्रीय विद्वेष र दंगाका बारेमा पनि सचेत हुनु जरुरी छ।

नेपाली समाज पूजीवादको प्रवेश चरणको संक्रमणकालिन अवस्थामा भएकाले पहिचानको राजनीतिक नारा उठ्नु समयको माग नै हो । तर यसको सवल र दुर्वल पक्षको ख्याल नगरी हचुवा वा एक पक्षरुपमा मात्र उठाउन प्रयात्न गरिए, यसले सकरात्मक निस्कर्ष दिदैन । तर यो समाज विकासको क्रमले ल्याएको समयको माग भएकाले यसलाई संवोधन नगरी नेपाली समाजले अग्रगति लिन पनि संभव छैन।

नेपालमा पहिचान... बाँकी ८ पेजमा

# उदाउँदो क्रान्तिकारी माओवादी

रविकिरण निर्जिव

एनेकपा माओवादीमा विभाजन आएर प्रचण्ड-बाबुरामहरु दक्षिणपंथीतिर ओरालो लागी मोहन वैद्यहरु क्रान्तिकारी पार्टीमै उभिएपछि 'मोहन वैद्य हराए', 'बिलाए', 'जडसूत्रवादमा भुण्डिए' भनेर हास्यास्पद आरोपहरु लगाइए । यिनै आरोपहरुको बीचमा 'वैद्यले क्रान्ति गर्ने भएनन्' भन्दै क्रान्ति गर्ने भन्दै नेत्रविक्रम चन्दहरु छुट्टिए । त्यसपछि 'वैद्यले गरिखाने भएनन्' भनेर जता मल्क्यो उतै ढल्क्यो लोक-विचार अनुसार रामबहादुर थापा गुट प्रचण्डको पार्टी एकताको बाढीमा हेलिए । यसरी 'ओरालो लाग्दा', 'हेलिंदा' र 'छुट्टिंदा' तिनले दिग्गज साथीहरु लिएर त गए तर ती सबै 'बाटो भुलेका' र 'अवसरवादमा खुलेका' विचलनवादी नेताहरु थिए । तिनका पछाडि 'स्पातिला क्रान्तिकारीहरु' थिएनन् । जो थिए तिनले क्रान्तिको सच्चा कार्यदिशा खोजिरहेका थिए र त्यो खोज्दै असार ५ गते राष्ट्रिय सभागृहमा आए र ९ गतेसम्म नेकपा (क्रान्तिकारी माओवादी)को भेलामा उद्घाटन र बन्दसत्र छलफलमा जुटे, सच्चा कार्यदिशा पाए र विश्वस्त भएर कर्मक्षेत्रमा फर्किए ।

'क्रान्तिको सच्चा कार्यदिशा खोजेका र त्यो बाटोमा हिंडिरहेका ६/७ सय कमरेडहरु राष्ट्रिय सभागृह र ओमसाई पार्टी प्यालेसमा एकत्रित भए । दक्षिणन्थी महत्वाकांक्षा र अवसरवादको बाटो लागेका नेतृत्वगण प्रारम्भमा यसको औचित्यमा अडिग रहनु स्वभाविक मानिन्छ तापनि तिनका कार्यकर्ताहरु कोही बाटो बिराएको अनुभव गरेर भोक्रिरहेका कोही क्रान्तिकारी माओवादीको कार्यदिशालाई पछ्याउने मनस्थितिमा पुगेका र कोही कार्यदिशालाई पछ्याइसकेका गरी तीनथरि मनोविज्ञानका पाइन्छन् ।

जीवनभरिका आर्जन र आदर्श मार्क्सवाद परित्याग गरेर 'नयाँ शक्ति' मा होमिएका बाबुरामदेखि 'साधुराम' सम्मका कार्यकर्ताहरु ढिलोचाँडो, धेरथोर नेकपा (क्रामा)को मार्गमा आउने सम्भावनालाई पनि अस्वीकार गर्न सकिन्न ।

देशका ७१ जिल्लाबाट ६७६ जना प्रतिनिधि जसमा महिला प्रौढ र ७० देखि ९० वर्षसम्मका १२ जना जेष्ठ नागरिक थिए । अपार उत्साहका साथ भेलामा उपस्थित भए, गहन अन्तरक्रियामा सरिक भए र पार्टीप्रति पूरा भरोसा लिएर गए । ती प्रतिनिधिहरुद्वारा नेतृत्वलाई दस्तावेजमा सेना र जनसत्ताको कुरा आएन, कार्यदिशामा प्रष्टता भएन, राष्ट्रिय पुँजीवाद दलाल पुँजीवाद र नोकरशाही तन्त्रको प्रष्ट व्याख्या भएन, मधेस आन्दोलनबारे दृष्टि किटान भएन, रिम किन विघटन भयो ? चीनबारे हाम्रो वर्तमान विश्लेषण के ? अवसरवादी बादल गुटसँग अन्तरविरोध हो कि त्यसको अनुशासन हिनताको पराकाष्ठा हो ? पार्टीमा गुटबन्दीको आभाष किन आउँछ ? उत्पीडित राष्ट्रबारे व्याख्या हुनुपऱ्यो, प्रतिवेदनमा किन प्रचुर आत्मसमीक्षा भएन ? हाम्रो क्रान्तिको मोडल निर्णय गर्न पऱ्यो, दलहरुको प्रष्ट व्याख्या आएन, हाम्रो नीति दीर्घकालीन जनयुद्ध हो कि सशस्त्र विद्रोह हो ? पार्टीहरुमा आर्थिक पारदर्शिता हुनुपऱ्यो, पार्टीमा चाकडीवाद हावी भयो, हाम्रो उत्पादन प्रणाली कस्तो हुनुपर्ला ? संविधानबारे हाम्रो दृष्ट के हो ? प्रचण्डपक्षलाई नवसंशोधनवादी भनिसकेपछि किन एकता वार्ता चलाइएको ? चुनावमा जाने कि... बाँकी ५ पेजमा

◆ झर्रोटर्री कैलुब्राह

# सभापति-सुप्रिमो संवाद

यतिखेर सत्ता राजनीतिमा कुर्सी हत्याउखेलको नयाँ खेल प्रदर्शन भइरहेको छ । गएको सोमबार बुढानिलकण्ठ दरबारबाट मशाल बालेर सुरु भएको खेलाडीहरूको मार्चपास टोली महाराजगञ्जस्थित कुइरेदरबार, लाजिम्पाटको लालदरबार हुँदै बालुवाटार छिरेर अगाडि बढ्यो । सो मार्चपास टोली लैनचौरको दक्षिणी दरबारमा सेवाढोग चढाउँदै अहिले सिंहदरबारमा प्रवेस गरेको छ । मङ्गलबार सिंहदरबारस्थित हँसियाठोक्के टिमको दलीय कार्यालयमा उक्त टोलीका लाउडिस्पिकर कन्याकुमारीले प्रत्रकार सम्मेलन गरी नयाँ खेल सुभारम्भ भएको जानकारी गराएकी हुन् । उक्त खेलमा हाललाई नेपाली राजनीतिका प्रथम र तेस्रो शक्तिका दुईवटा प्रमुख टीमहरू सहभागी भएका छन् । उद्घाटनमा चारतारे र हँसियाठोक्के टिमका कप्तानहरू मात्र सहभागी भएका थिए । अगाडिका दिनमा के कस्तो दर्ज्यानी, मानपदवी र खान्की मिल्ने हो त्यसको औपचारिक घोषणा र ग्यारेण्टी प्राप्त भएमा सडकमा भोक हडताल गर्नेदेखि सत्तामा विराजमान भएका अन्य टिमहरूसमेत सहभागी हुँदै जाने बताइएको छ।

खेलको औपचारिक उद्घाटन गरेर सिंहदरबार छिरेको उक्त खेलमा सहभागी दुई प्रमुख टिमका कप्तानहरूका बिचमा दोहोरो संवाद चलेको छ । अहिले उनीहरू सिंहदरबारको कुर्सी कब्जा गर्ने खेलमा जोडघटाउ र गुणानभागमा लागेर अन्तर्राष्ट्रिय दर्शक र लगानीकर्ताहरूलाई आकर्षित गरिरहेका छन् । प्रस्तुत छ सिंहदरबार कब्जा गर्ने नयाँ अध्यायका लागि असाध्य शुद्ध, पवित्र, चोखो र सवर्गीय गठबन्धनमा सहभागी दुई ठूला शक्तिका टोलीकप्तानहरूका बिचमा भएको भद्र सहमतिका संवादहरू यहाँ प्रस्तुत गरिएको छ ।

**सुप्रिमोउवाच** : मने, लाल जयनेपाल सभापतिजी ।

**सभापतिउवाच** : जयनेपाल जयनेपाल भनेर भन्नलाई । केकस्तो तयारी भईराख्या छ त सुप्रिमोजी भनेर भन्नलाई । बताउनुस् न त । के कस्तो छ पर्गति ?

**सुप्रिमोउवाच** : मने, हामीले उखानप्रसादसँगको गाँठो फुस्काउने निर्णय गरिसकिम् । अब म के ठान्छु भने यो सरकार त ढल्यो ढल्यो । आर्को सरकार मेरो नेतृत्वमा बनाउनलाई तपैँले समर्थन गर्नुपऱ्यो ।

**सभापतिउवाच** : तपैँको के विश्वास गर्ने अब, भनेर भन्नलाई सुप्रिमोजी ? कसरी विश्वास गर्ने ? तपैँको कुनै अडान छैन भनेर भन्नलाई । पिँध नभाको लोटा जस्तो के तपैँ त, भनेर भन्नलाई । अघिल्लो पटक हामी समर्थन् गर्छौं तपैँ सरकार बनाउनुस् भनेर समर्थन गऱ्या होइन र भनेर भन्नलाई ? सुष्मा बहनजीको रोहबरमा तपैँका दूत कन्हैया र मेरा बिचमा त्यत्रो कुरा भएर टुङ्ग्या हैन र, भनेर भन्नलाई ? तपैँलाई काँकाँबाट कान फुक्छन् फेरि कुरा फेरिहाल्नुहुन्छ भनेर भन्नलाई । के विश्वास गर्ने ? जानुस् पैला सकारबाट हट्नुस् त्यसपछि कुरा अगाडि बढाम्ला भनेर भन्नलाई ।

**सुप्रिमोउवाच** : मने, अब त्यस्तो हुँदैन सभापतिजी । त्यतिबेला त मेरो टिम नै फुटाइदिने धम्की आएर पो म पछि हटेको हो । ऐले त क्लाउडजीहरूको हुल समेत थपेर भन् ठूलो टिम बनाएर आएको छु । २५ सयको त केन्द्रीय टिम नै बनाएको छु । अब त कोही माइका लालले पनि हामीलाई चलाउन सक्तैन । दुईचार जनालाई घ्यू नपचेर चोइटिएर गएछन् भने पनि हामीलाई घाटा हुँदैन । मलाई समर्थन् गरिदिनु पऱ्यो । एकपटक दयाको भिख माग्न आएको छु, हजुरको सेवक बनेर । मेरो पर्धानमन्त्री हुने चान्स यसपछि कहिल्यै पनि आउने छैन । तपैँ त टिममा पनि पावरफूल हुनुहुन्छ । पछि चुनाउमा पनि जितिहाल्नुहुन्छ । मेरो त आर्कोपाली तेस्रो शक्तिमा आउने पनि चान्स छैन । डाक्टर र वैद्यहरू बाहिर कस्सिएर बस्या छन् । घरभित्रका धामीझाँक्रीहरूलाई सन्त्याउनै सक्या छैन । अन्तर्राष्ट्रिय दातामाताहरू पनि मसँग चिढिएर बस्या छन् । अख्तियार र हेगले पासो ठिक्क पारेर बस्या छन् । लौन सभापतिजी तपैँले जेजे गर्ने भन्नुहुन्छ म त्यैत्यै मात्रै गर्छु । बरू अब बाँकी समय आधाआधा गरेर नेतृत्व गरम्ला । तिमी काले म पनि काले, काले काले मिलेर खाम भाले ।

**सभापतिउवाच** : आउने चुनाउको चाइन्जो नेतृत्व कस्ले गर्ने त ? भनेर भन्नलाई सुप्रिमोजी ?

**सुप्रिमोउवाच** : मने, स्थानीयको म गर्छु । प्रान्त र केन्द्रको चाइँ तपैँले गर्नुहोला ।

**सभापतिउवाच** : किन त्यस्तो चाइन्जो भनेर भन्नलाई ? फेरि ह्याँ के खेल खेल्न थाल्नुभो भन्या ? हैतेरीका म त कुरै बुझ्दैन भनेर भनेको । के कुरा हो फेरि ।

**सुप्रिमोउवाच** : कुरो ठिकै हो क्या सभापतिजी । मेरो टिममा २५ सय नेता छन्, तिनलाई स्थानीय चुनाउमा टिकेट दिउँला भनेर बाचा गरेको छु । पछि ठूलठूला चुनाउमा पैसा खर्च गर्न सक्ने ल्याकत छैन उनीहरूको । जिते जित्तन् हारे हार्छन्, उतै थान्को लाग्छन् । तपैँको टिम त पुरानो हो, सातसाले पऱ्यो । नेता पनि थोरै र छानिएका मात्रै छन् । एक से एक घाग्डान छन् । पैसा पनि टन्नै खर्च गर्न सक्छन् । त्यसैले सानो चुनाउ मैले गराउँछु, मझ्यौला र ठूला चुनाउ तपैँ गराउनुहोला ।

**सभापतिउवाच** : हो, त्यसो भन्नुस् न भनेर भन्नलाई । कुरो मिलिहाल्य नि । भनिहालेँ नि तपैँ त पिँध नभाको लोटा हो के लोटा भनेर भन्नलाई । फेरि चुनाउ आएसी कम्निस् कम्निस् मिल्नुहोला नि, हारिन्छ भन्ने डरले । के भर तपैँको भनेर भन्नलाई ? त्यो के जाती जनयुद्ध लडेर आको मान्छे । हाम्रा मान्छे कुट्ने मार्ने गर्नुहोला भन्ने डर पनि लाग्छ । जनयुद्धका गल्ती सबै स्वीकार गरेपछि मात्रै तपैँको विश्वास गर्ने भन्चन् हाम्रा साथीहरूले भनेर भन्नलाई ।

**सुप्रिमोउवाच** : त्यस्तो हुँदैन क्या सभापतिजी । जनयुद्ध त हामीले ६३ साल मङ्सीरबाट पूर्ण रूपमा छोडेर आइसकेको हो । अब फेरि थुकेको थुक चाट्ने मान्छे हैनौँ हामी । युद्धको धङ्धडी भएकाहरू हाम्रो टिममा छैनन् । हाम्रोमा त सबै आर्थिक धन्दामा लाग्नेहरूको शुद्ध टिम मात्र हो । त्यसैले त तपैँहाम्रो वर्ग मिलेको छ । तपैँको समाजवाद र हाम्रो समाजवादमा केही फरक छैन । गाईवाला टिमसँग त मिलेर हिँड्या छौँ, झन् तपाइँहामी त जनआन्दोलनका सहयात्री न हौँ ।

जहाँसम्म जनयुद्धका बेलाको कुरो छ, त्यसमा तपैँहामी मिलेर कुरा मिलाउनु पर्छ । किनकि युद्धमा त तपैँले पनि हामीलाई... बाँकी ५ पेजमा

# सतहमा दक्षिण चीन सागरको विवाद

केशरमणि कटुवाल

लामो समयदेखि विवादित रहँदै आएको दक्षिण चीन सागरका विषयमा फेरि विवाद सुरु भएको छ। फिलिपिन्सले दायर गरेको मुद्दाको एक अन्तर्राष्ट्रिय अदालतले फैसला गर्दै चीनको ऐतिहासिक दाबीलाई खारेज गरेपछि चीन आक्रोशित बनेको छ। चीनले दक्षिण चीन सागरमाथि आफ्नो दावी कायमै राखेको छ र उनले अदालतको फैसलालाई 'रद्दीको टोकरी' मा फ्याँक्न लायक भनेको छ।

## के हो दक्षिण चीन सागर

चीन सागर प्रशान्त महासागरकै एक हिस्सा हो र दक्षिण चीन सागर पनि । यो चीनको दक्षिणमा पर्छ। यो प्रशान्त महासागरको एक हिस्सा हो, जुन सिंगापुरदेखि ताइवानको खाडीसम्म लगभग ३५ लाख वर्ग किलोमिटर क्षेत्रमा फैलिएको छ। पाँच वटा महासागरपछि यो सबैभन्दा ठूलो सागर हो । यसमा धेरै नै साना साना टापुहरु रहेका छन् । यिनीहरुलाई संयुक्त रुपमा द्वीप समूह भनिन्छ । यो दक्षिण चीन सागर र यी द्वीपहरुमाथि विभिन्न देशले आफ्नो दावी गरिरहेका छन्। दक्षिण चीन सागर ताइवानसहित चीनको दक्षिणी क्षेत्र, भियतनाम र कम्बोडियाको पूर्व, फिलिपिन्सदेखि पश्चिम, मलाया पेनिनसुला र सुमात्राको पूर्व तथा बाङ्का-बेलितुङ टापु र बोर्नियोको उत्तरी क्षेत्र हो।

यो दक्षिण चीन सागरका विषयमा सतहमा चीन र अन्य एसियाली राष्ट्रहरुबीच विवाद देखिदै आएपछि यसको खास विवाद चीन अमेरिकी वर्चस्वको लडाई बन्दै आएको छ । केही समयअघि अमेरिकाका विध्वंसात्मक युद्धपोत दक्षिण चीन सागरमा प्रवेश गरेका थिए। चीनले यसलाई एसियाली क्षेत्रमा स्थायित्व र शान्ति विगार्ने कदम भन्दै कडा आलोचना गरेको थियो।

## दक्षिण चीन सागरमा अमेरिकी युद्धपोत

दक्षिण चीन सागरको क्षेत्र पछिल्ला केही वर्ष विवादको केन्द्र बनेको छ। यसमाथि चीनको मात्रै नभएर ताइवान, मलेसिया, भियतनाम, ब्रुनाई र फिलिपिन्सले समेत हक दावी गर्दै आएका छन् । यसमध्ये संसारकै शक्तिशाली देश बन्ने दौडमा रहेको चीनको दावी सबैभन्दा मजबुत छ । दक्षिण चीन सागरको ठूलो क्षेत्रमा चीनको दावी छ । ठूलो हवाई र जलमार्ग दक्षिण चीन सागरमा हरेक वर्ष संसारको करिब ३ खर्ब लडरको कारोबार हुने गर्छ । सोही कारण पनि चीनले यो जलक्षेत्रमा आफ्नो अनुमति विना कसैले पाइला राखेको रुचाउँदैन। अमेरिकाले भने यो जलमार्ग जसले पनि प्रयोग गर्न सक्ने दावी गर्दै आएको छ। चीनले यस जलक्षेत्रलाई कब्जा जमाएर अमेरिकी वाहनहरुको स्वतन्त्रतामा अंकुश लगाउन नहुने बताउँछ । सोही कारण अमेरिकाले बेलाबेलामा आफ्ना युद्धपोत र मिसाइल यस क्षेत्रमा पठाउने गर्छ। उसले यसलाई जलक्षेत्रको स्वतन्त्रतालाई सीमित गर्ने चिनियाँ प्रयासको विरुद्धमा भएको बताउँदै आएको छ । गतवर्षको अक्टोबरमा अमेरिकाको एक मिसाइल विध्वंसात्मक युद्धपोत 'लासेन' चीनले निर्माण गरेको कृतिम द्वीप नजिकै पुगेपछि चीनले कडा प्रतिक्रिया जनाएको थियो। उसले दक्षिण चीन सागरमा अनुमति बिना छिर्ने काम खतरनाक हुनसक्ने भन्दै यस्ता कदम नदोहोऱ्याउन अमेरिकालाई चीनले चेतावनी दिएको थियो।

## चीनविरुद्ध फैसला

एक अन्तराष्ट्रिय अदालतले साउथ चाइना सीको मुद्दामा चीनविरुद्ध फैसला दिएको छ । अदालतले फिलिपिन्सले दक्षिण चीन सागरमाथि गरेको दावीलाई सही मान्दै चीनको ऐतिहासिक प्रमाण, समुद्र र यसका संसाधनको एकाधिकारको कुनै प्रमाण नरहेको दाबी गरेको छ। चीनले भने यस फैसलालाई गलत आधारमा लिएको निर्णय बताउँदै नमान्ने स्पष्ट पारिसकेको छ। दक्षिण चीन सागरको विषयमा हुने कुनै पनि छलफलमा समेत भाग नलिने चीनले यसअघि नै बताइसकेको अवस्थामा पछिल्लो फैसला आएको हो। चीनले दक्षिण चीन सागरमा पछिल्ला केही समयदेखि कृत्रिम द्वीपसमेत निर्माण गरिरहेको छ । अन्तर्राष्ट्रिय अदालतले जस्तोसुकै फैसला दिएपनि दक्षिण चीन सागरका विषयमा आफ्नो सम्प्रभुता रक्षा गरेरै छाड्ने बताएको छ।

चिनियाँ रक्षा मन्त्रालयले चिनियाँ जनमुक्ति सेना धम्की र खतरा समाधानका लागि तयार रहेको जनाएको छ । चिनियाँ विदेश मन्त्रालयले भनेको छ, 'फिलिपिन्सको अनुरोधमा सुरु भएको दक्षिण चीन सागरको विषयमा कुनै अदालतले गरेको व्यवस्था न चीनले स्वीकार गर्छ न मान्छ ।' दक्षिण चीन सागरका विषयमा भएको कुनै पनि फैसलाका आधारमा कसैले पनि गरेको दाबीलाई चीनले विरोध गर्ने भएको छ।

फिलिपिन्सले दक्षिण चीन सागरमा चीनको एकल दाबीको विरोध गर्दै चीनको आधिकारिक मानचित्रभन्दा अन्य क्षेत्रमा समेत चीनले गरेको दाबी अस्वीकार गर्न माग गरेको थियो । अंग्रेजी अक्षर 'यू' आकारमा रहेको उक्त क्षेत्र तेलको अधिकतम भण्डारका साथै विश्वको कारोबारका लागि महत्वपूर्ण संसाधनयुक्त हो । यसको ९० प्रतिशत क्षेत्रमा चीनको दाबी रहँदै आएको छ।

## फैसला 'फोहोरको भाँडो' मा हाल्न लायक

चीनले संयुक्त राष्ट्र संघ समर्थित अदालतले दक्षिण चीन सागरको विषयमा गरेको फैसलालाई अस्वीकार गर्दै 'फोहोरको भाँडो' मा हाल्न लायक भएको टिप्पणी गरेको छ। चीनले रणनीतिक रूपमा महत्वपूर्ण दक्षिण चीन सागरमाथि एकतर्फी वायु-सुरक्षा जोन घोषित गर्ने अधिकार रहेको दाबी गरेको छ। फैसला लागू गर्न अन्तर्राष्ट्रिय आग्रह अस्वीकार गर्दै चिनियाँ रक्षामन्त्री जनरल चांग वानकानले चीनले उक्त फैसलालाई नमान्ने र यसका आधारमा हुने कुनै पनि कारबाही र सुझाव स्वीकार नगर्ने जनाएका छन् ।

चीनले दक्षिण चीन सागरमाथिको चीनको अधिकार र क्षेत्रीय सम्प्रभुता कुनै पनि आदेशले कुनै हालतमा प्रभावित नहुने स्पष्ट पारिसकेको छ। चीनले दक्षिण चीन सागरको केही क्षेत्रमा फिलिपिन्सको अधिकारको इतिहास या अन्तर ष्ट्रिय कानुनको आधार नरहेको जनाएको छ।

चिनियाँ सहायक विदेशमन्त्री लिउ झेनमिनले चिनियाँ नौसेना दक्षिण चीन सागरमा कुनै पनि बेला सक्रिय बन्ने सक्ने उल्लेख गरेका छन्। उनले दक्षिण चीन सागरमा छिमेकी देश र आसियन देश मिलेर शान्ति र स्थिरता बनाइराख्ने र विमानको आवागमनलाई स्वतन्त्र बनाई राख्न सकिने बताए। चीनले दक्षिण चीन सागरलाई युद्ध क्षेत्र नबनाउन पनि आग्रह गरेको छ।

## ताइवानले पठायो युद्धपोत

अन्तर्राष्ट्रिय अदालतले दक्षिण चीन सागरमा चीनको ऐतिहासिक दाबी खारेज गरेपछि ताइवानले आफ्नो समुद्री क्षेत्रको सुरक्षाका लागि भन्दै एक युद्धपोत त्यस क्षेत्रमा पठाएको छ। ताइवानकी राष्ट्रपति साई इंग-वेनले युद्धपोत दक्षिण चीन सागरमा पठाउँदै ताइवान आफ्नो देशको अधिकारको रक्षाका लागि प्रतिबद्ध रहेको जनाएकी छन् । यसलगत्तै पोत दक्षिण सहर काओहसिउंगबाट ताइवान नियन्त्रित तेपिंग द्वीपतर्फ लागेको छ। फैसलामा स्मार्टलेज सिरिजमा सबैभन्दा ठूलो टापु ताइवान प्रशासित तेइपिंग कानुनी रुपमा एक 'चट्टान' भएको र यसको विशिष्ट आर्थिक क्षेत्र नबनाएको उल्लेख छ। यसले ताइवानको अन्य टापुको आसपासको जलक्षेत्रमा रहँदै आएको दाबी खारेज गरेको छ । ताइवानले यसलाई अस्वीकार गर्ने र कानुनी रुपमा बाध्यकारी नरहेको उल्लेख गरेको छ । ताइवानले पनि फैसलाका कारण तेईपिंग नै खतरामा परेको भन्दै युद्धपोत पठाएको हो।

## एक सेन्टिमिटर पछि छाडिन्न : चीन

अन्तराष्ट्रिय अदालतले विवादित दक्षिण चीन सागरमा आफ्नो दावी खारेज गरेपनि चीनले सम्प्रभुताको विषय देशको सबैभन्दा महत्वपूर्ण भएको भन्दै एक सेन्टिमिटर पनि नछाड्ने बताएको छ । चीनका एक युवा राजनीतिज्ञ तथा स्टेट काउन्सिलर यांग जिचीले आफ्ना पूर्वजहरुले छाडेर गएको विरासतमा एक सेन्टिमिटर पनि छाड्न नसक्ने बताएका हुन् । विदेशमन्त्री भन्दा माथिल्लो भुमिकामा रहेका उनी भारतसँगको सीमा वार्ताका लागि विशेष प्रतिनिधि समेत हुन् । सीमा विवाद समाधानका लागि उनले भारतसँग मात्रै १९ पटक वार्ता गरिसकेका छन्।

## अमेरिकाको हठात् टिप्पणी

अमेरिकाले अन्तर्राष्ट्रिय न्यायधिकरणको फैसलापछि विवादित क्षेत्रमा भड्काउ वा तनावको अवस्था सिर्जना गर्ने कुनै कदम नउठाउन आग्रह गरेको छ । सन् २०१३ मा फिलिपिन्सले दायर गरेको मुद्दामा यस्तो फैसला आउनेवित्तिकै अमेरिकाले गरेको यो टिप्पणी शान्ति स्थापनाको पवित्र भावनाले आएको मान्न सकिने अवस्था छैन। बरु उसले दक्षिण चीन सागरमा आफ्नो हैकमलाई पुनर्स्थापित गराउने अस्त्रको रुपमा फैसलालाई लिइको छ । खरबौं डलरको रणनीतिक क्षेत्र दक्षिण चीन सागरमाथि आफ्नो स्वतन्त्रता सुरक्षित राख्न चाहन्छ अमेरिका। किनकि, यो अमेरिकी अर्थव्यवस्थाका लागि पनि आवश्यक क्षेत्र हो। अमेरिकाले दक्षिण चीन सागरका विषयमा आएको फैसलाले एक पटक विवाद सकिएको र विभिन्न पक्षबीच व्यवहारिक र सार्थक बहसको बाटो खुलेको बताएको छ । यसमा उसले आफ्नो भूमिकाको समेत खोजी गरिरहेको प्रष्टिन्छ।

---

## सभापति–सुप्रिमो ...

आतङ्ककारी भनेर टाउकाको मोल तोकेकै त हो। खोजीखोजी सिआइडी सुराकी गरेकै हो। बरू तपैँ हाम्रा बिचमा भएका मनमुटाउहरूका बारेमा केही लिखत तमसुक गरम् न त।

**सभापतिउवाच** : हुन्च हुन्च । लौ गरम् । नत्र त ऐलेबाटै हाम्रो झगडा पर्ला भन्ने डर भो । एउटाले अर्काको पोल खोल्दै जाने हो भने त पेटभित्रको आचीसमेत छताछुल्ल हुन्च, भनेर भन्नलाई ।

**सुप्रिमोउवाच** : मने, के के कुरा लेखम् त भन्नुस् सभापतिजी ।

**सभापतिउवाच** : ल लेख्नुस् –

१. सर्वप्रथम सशस्त्र द्वन्द्वका बेलामा हामी दुवैत्रफबाट भएका गल्ती कमजोरीका बारेमा दुवै पक्षले चुइँक्क नबोल्ने। सबै कुरा मिलापत्रद्वारा टुङ्ग्याउने। जजस्को जेजति हानी पजनी भएको भए पनि चुपचाप सहेर बस्ने। कसैले निहुँ नखोज्ने।

२. नेपालको मूल कानूनमा नमिलेका कुरा सबै मिलाउने। भाग खोजेर असन्तुष्ट भएकाहरूलाई छिमेकीको सुझाउ अनुसार लेख्ने, बाँडचुँड गर्ने र थान्कोमान्को लाउने।

३. महाभैँचालाले क्षतविक्षत पारेका जनता जनार्दनलाई आउने चुनाउमा हाम्रा टिमलाई भोट हाल्न लगाउने र उनीहरूलाई जातभात अनुसारका खान्की फ्रि गरिदिने। अघाउन्जेल खान दिने। ध्वस्त भएका घरबारहरू निर्माणका लागि विदेशी दातामाताहरूलाई फेरि एकचोटी राम्रोसँग फकाइफुल्याइ गरेर भिख माग्ने। उताबाट नआउन्जेल यता पर्खन भन्ने। आइसक्यो भने रासनपानी गोदाममा थन्क्याउने, लत्ताकपडा आफ्ना कार्यकर्ताहरूलाई दामासाहीले बाँड्ने, पैसा जति चुनाउमा प्रयोग गर्ने।

४. देशमा शान्ति सुरक्षा र सुशासन चुस्त दुरुस्त पार्ने। कहिँ कतै खोट लागेको नदेखाउने। कालो बजारी गर्नेहरूलाई अबदेखि सेतो बजारी मात्रै गर भन्ने, भ्रष्टाचार गर्नेलाई नगर भन्ने। गर्नैपरे थाहा नपाइने गरी लुकेर गर्न निर्देशन गर्ने।

५. आगामी चुनाउलाई मध्यनजर गर्दै धन कमाउने धन्दामा सबैलाई परिचालन गर्ने। ठेक्कापट्टा र विकास निर्माणबाट कमिशन सक्दो उठाई देशलाई आर्थिक उन्नतीमा लैजाने।

६. सत्ता भनेको संसदीय लुटतन्त्रको राजनीति गर्ने टिमहरुको पुस्तैनी नीजि सम्पत्ती र बिर्ता हो भन्ने सिद्धान्तलाई दह्रोसँग पकड्ने र भागशान्ति मन्त्रालय बाँडफाँड गर्ने, उपपर्धानमा आवश्यक्ताको सिद्धान्त अनुसार पहिलाको भन्दा अझ बढि बनाउने र सबैलाई बाँडचुँड गर्ने। सरकारी ओहोदामा कार्यकर्ताहरू भर्ती गर्ने, सरकारमा सहभागी टिमको तौल अनुसार दामासाहीले नरमकरम मिलाई भाग लगाउने।

७. अबका नौ नौ महिना हामी दुबै मध्य म सुप्रिमोले पहिलो चरणमा र म सभापतिले दोस्रो चरणमा बिर्ताको नेतृत्व गर्ने।

आजका मितिबाट यो सातबुँदे तमसुक लेखी सहिछाप गरी लियौँ दियौँ। यसलाई दुवै टिमका आआफ्ना कोटरी बैठकमा अनुमोदन गराई सिघ्रातिसिघ्र लागु गर्ने।

इतिसंवत ३१ असार २०७३ मा शुभम्।

kailubraha73@gmail.com

---

## उदाउँदो क्रान्तिकारी ...

बहिष्कार गर्ने ? बादललाई 'गद्दार' नामकरण गर्नुपर्छ । हाम्रो उत्तरी सिमा मिचिएकोमा पार्टीको धारणा के रहेको छ ? अन्तर्राष्ट्रिय कम्युनिस्ट पार्टीहरुसँग हाम्रो कस्तो सम्बन्ध छ ? पार्टीको नाम नेकपा (क्रामा) होइन नेकपा (माओवादी) राख्नुपर्छ, अरुले झैं हामीले पनि गुमेको नेपाली भूमि फिर्ता लिने आन्दोलन नचलाउने ? के हामी साँच्चै जडसुत्रवादी हौं ? एनेकपा माओवादीले सांस्कृतिक कारबाही गरेको हेमन्तप्रकाश वलीलाई किन संयुक्त विज्ञप्तिमा ल्याइयो ? नेत्रविक्रम र हाम्रो तात्विक भिन्नता के ? हाम्रा मित्र पार्टीहरु कुन-कुन हुन् ? पार्टी यसरी किन फुटिरहन्छ ? आदि जिज्ञासा, धारणा र सुझावहरु राखिएका थिए।

सुमधुर गला र संयमित जोश भएका क्रान्तिकारी कलाकारहरुद्वारा गीतहरु गाइएको त्यस बन्द सत्रमा प्रतिनिधिहरुका उक्त जिज्ञास, विचार, परामर्श, आलोचना आदिको चित्तबुझ्दो जवाफ दिंदै अध्यक्ष मोहन वैद्य 'किरण'ले पार्टीको हालको नीति सशस्त्र संघर्ष हो । दीर्घकालीन जनयुद्ध वा अर्को नीति आगामी अधिवेशनमा तय गरौंला, रुस र चीनको सहर र गाउँको नीति अवलम्वन गरौं, पहिले संगठन अनि संघर्षमा जोड दिऊँ, बादलहरुसँग दुईलाइनको संघर्ष भयो तर त्यो शत्रुतापूर्ण भयो, उनीहरुले जनवादी केन्द्रियता भंग गरे, उनीहरुलाई कारबाही नगरेर गल्ती गरियो, अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनसँग राम्रो सम्बन्ध गर्न सकेनौं, प्रचण्डहरुसँग एकता गर्ने प्रयत्नमा कमजोरी रह्यो, अब यो दक्षिणपंथी लाइनसँग, जो प्रतिक्रियावादमा पतन हुने प्रवल सम्भावना छ, कहिल्यै वार्ता प्रयास गर्दैनौं। भारत र चीनलाई एउटै आँखाले नहेरौं, मधेस आन्दोलनबारेमा निर्वाचन क्षेत्र र जनसंख्यालाई प्राथमिकता दिने मात्र होइन, भूगोललाई पनि हेरौं भन्ने हाम्रो मान्यता हो भन्यौं र सर्वहारा र उत्पीडित वर्गको नारा राखौं भन्यौं तर उसले सहमति जनाएन, संविधान अंशतः ठिक हो पूर्णतः होइन, बाबुराम प्रचण्डलाई सँगै छँदा पश्चगामी भनेर मूल्यांकन गरिएको हो नि ! यो नेतृत्वमा विचलन आयो भने सशक्त विरोध गरौं, हामी आर्थिक अध्ययनतिर जाने समय पाएनौं, कम्युनिस्ट पार्टीमा हुनुपर्ने एकता संघर्ष र रुपान्तरण हो तर एकता संघर्ष र फुट भई दुर्भाग्य भित्रियो ? वृहत बहस गर्दै जाऊँ आदि प्रष्टिकरण दिंदै गहन आत्मालोचना (सिंगो पार्टीको) का साथ पार्टीका नीति, सिद्धान्त तथा भावी कार्यसमेत व्यत्तल गर्नुभयो र उहाँले पार्टीमा पुनः फुट आउँछ कि भनी प्रतिनिधिहरुले गरेको सन्देह र चिन्तालाई 'हामी कदापि फुटदैनौं, जनतालाई धोका दिंदैनौं' भनी प्रतिज्ञा गरेर निराकरण गर्नुभयो । प्रारम्भमा अध्यक्षको प्रष्टिकरणले प्रतिनिधिहरुको चित्त शान्त हुँदैन कि भन्ने आशंका थियो तर उहाँले तर्क तथ्य र परिस्थितिजन्य स्पष्टिकरण दिएर उनीहरुको चित्त सन्तुलन गराउनुभयो ? प्रतिनिधिहरुले विस्वास छैन, आधार के ? कार्यदिशा यसैबेला निर्धारण गर्नुपर्छ भन्ने हठको विचार लिएनन्, विस्वास र विवेकको विचार लिए 'हामी कदापि फुट्दैनौं ... ...' भन्ने अध्यक्ष मार्फत्को केन्द्रीय समितिको प्रतिज्ञालाई उनीहरुले आत्मसात गरे, ढुक्क र शान्त भए र बन्दसत्रको विसर्जनसम्म गए।

'अध्यक्षले यसरी आत्माको उद्घाटन र प्रतिज्ञाको स्थापना गरेपछि किन फुट्ने ? के भनेर फुट्ने ? को हो फुट्ने ? यी केही प्रतिनिधिहरुका पार्टीप्रतिका परम विस्वास र चुनौतिका उद्गारहरु थिए । ' विचलित र विभाजित'हरुलाई अवसरवादी, महात्वाकांक्षी, दक्षिणपंथी, संशोधनवादी, सम्भावित प्रतिक्रियावादी आदि दुर्नामका उपनामहरु दिएपछि अब पछाडि फुट्नेहरुले पाउने उपनाम अब के नै रहे र ? के दुर्नाम लिएर ती फुट्ने ? यी अभिव्यक्ति थिए जेष्ठ नागरिकहरुका।

जिज्ञासा, निरासा, विरोध र असन्तुष्टिहरु बोकेर आएका प्रतिनिधिहरु उत्साह, आसा, समर्थन र प्रतिवद्धताहरु लिएर फर्किए। यति अपार उत्साह र सफलता पाएर समापन भएको राष्ट्रिय भेलाको कम्युनिस्ट कार्यकर्ता, श्रमजीवी, किसान, बुद्धिजीवी र समस्त सर्वसाधारणको निम्ति सन्देह के रह्यो ? वा यसको निष्कर्ष के हो ? उपस्थित प्रतिनिधिहरुको आकांक्षा तथा मनोभावलाई यहाँ यसरी उजागर गर्न चाहन्छु।

अब कमसल कम्युनिस्ट पार्टीहरुका नेता तथा कार्यकर्ताहरु नेकपा (क्रामा) मा आकर्षित भई यसमा आवद्ध हुने लहर आउनेछ। यो राष्ट्रिय भेला सम्पन्न भएपश्चात यो पार्टी सानो होइन ठूलो हो, सामान्य होइन सही हो, जडसुत्र होइन गतिशील हो, अस्ताउँदो होइन उदाउँदो हो, परिष्कारवादी होइन परिवर्तनकारी र क्रान्तिकारी हो भन्ने सत्य स्थापित भएको छ। आउँदो अधिवेशन पश्चात यी सत्यहरु क्रियान्वित हुनेछन्। पार्टी र जनवर्गका सबै तहहरुले पुनर्गठन तथा कार्यहरुले आगामी अधिवेशन भव्य रुपले सम्पन्न हुन मद्दत गर्नेछ र त्यसबाट एउटा क्रान्तिकारी श्रेष्ठ र विशाल कम्युनिस्ट पार्टी गठन (निर्माण) हुनेछ। यसको निम्ति सबै श्रमजीवी वर्गको निम्ति प्रेरणा र आधार मुक्ति र समृद्धिको स्तम्भ हुनेछ।

२०७३ असार १, चितवन

# विचलनको पहाडमाथि 'पहेलो घाम'

पहेलो घाम उपन्यास कवि विष्णु भण्डारीको पहिलो आख्यानकृति हो । जनयुद्धको आँधीबेहरीमा खारिएकी लालसेनाकी कमाण्डर शिवालाई उपन्यासको मूलचरित्र र बाहुनी आमाबाट जन्मिएको कामीको सन्तान माइकल सोहन उपन्यासका सुत्राधार हुन् । उपन्यास २५ वटा मूल अध्याय, प्रस्तावना र पूर्वकथा गरी २७ भागमा विभाजित रहेको छ ।

यो उपन्यास लालसेना अस्थायी क्याम्पमा संकेन्द्रीत भएपछि प्रारम्भ हुन्छ । युद्धको सघनताबाट अस्थायी क्याम्पको नवीन जिन्दगीले कोरेका मधुरा चित्रहरु त्यतिवेला धुमिल हुन्छन्, जतिवेला शिवा आफूलाई अयोग्यमा दर्ज भएको जानकारी पाउँछे । अयोग्यताको प्रमाणपत्रले छापामार युद्धको वीरतापूर्ण समय मात्र होइन भावी जिन्दगीको कल्पना पनि नराम्रोसँग कोक्याउँछ र शिवा जनमुक्ति सेना नेपालको दोस्रो डिभिजनबाट निस्किन्छे ।

ऊ काठमाडौंको बस चढ्छे । संयोगले त्यो बसमा शिवाको युद्धकालीन वीरता र शौर्य गाथा सुनेको अमेरिकी पनि हुन्छ । शिवा खोज्दै अस्थायी क्याम्प पुगेको अमेरिकी र युद्धले अयोग्यताको नयाँ परिचय दिइएकी छापामार एउटै बसमा हुन्छन् । सडक दुर्घटनाले बस रोकिन्छ । गन्तव्यहीन यात्रामा निस्किएकी शिवा र सोहनको बीचमा बसमै सामन्य सम्वाद हुँदै परिचय हुन्छ । शिवालाई खोज्दै हिंडेको सोहनलाई शिवाले आफ्नो नाम रमिला बताउँछ । नयाँ बसपार्कमा अँध्यारोमा पुगे पछि विलखबन्दमा परेकी रमिलालाई सोहनले आफ्नो ठमेलको कोठामा लैजान्छ र एक अपरिचित अतिथिलाई बन्दोवस्त गरिदिन्छ । सोहन शिवाको खोजीमा दोलखा निस्किन्छ । दोलखाको बैरामको एउटा होटलमा बाँस बस्छ । त्यहाँ सेनाको अत्याचारले जन्माएकी विद्रोही शिवाको पारिवारिक कथा कसरी शिवाको हजुरआमा र बुवाको निशंस हत्या भयो र आमाको चेत गुम्यो ? एउटा रक्ताम्य इतिहास बैराममा कसरी कोरियो ? उसले थाहा पाउँछ ।

शिवा बलात्कार र मृत्युको मुखबाट भाग्दै हिडेँले ढाँकेको पाटनमा पुगेपछि भेट्याउने जनमुक्ति सेनाको कमाण्डर तारासँग पनि माइकल सोहनको भेट हुन्छ । शिवा दुश्मनको मुखबाट मात्र होइन प्रकृतिले लुछिरहेको अन्तिम घडिमा संयोगै संयोगले बाँच्छे ।

आफ्नो जनमुक्ति सेनाको काकालाई भेट्न हिंडेकी शिवा कमाण्डर तारासँग रहन्छे । उ छिटोभन्दा छिटो जनमुक्ति सेनामा भर्ति हुन चाहन्छे । उमेर र अनुभवको कमीले गर्दा कमाण्डरले उसलाई जनमुक्ति सेनामा भर्ति गर्न अस्वीकार गर्दछ । कमाण्डरलाई एउटा सेना हुन आवश्यक परीक्षा शिवाले दिन्छ र ६ महिनामै सार्पसुटर छापामार बन्छे । छापामारहरूसँग दुझ्गी खोलामा भिडन्त हुन्छ । त्यो कारवाहीमा शिवाको बीरतापूर्ण आक्रमणले मेजरसहित १२ जनाको घटनास्थलमै मृत्यु मात्र हुँदैन । यो बीरतापूर्ण मोर्चाले शिवालाई अन्तर्राष्ट्रियकरण गर्दछ ।

सोहन दोलखाबाट शिवाको पूर्वकथा जानकारी पाएर फर्किन्छ । ठमेलमा एउटा अर्की कमाण्डरसँग भेट हुन्छ । उसले त्यो अराजक केटीको डकुमेन्ट्री निर्माणको लागि सहयोग गर्दिन । तराईबाट फर्किदा भेटिएकी रमिलालाई आफ्नो डकुमेन्ट्री निर्माणको सपनासँग जोडिएको आमा बुवाको त्रासदीपूर्ण मृत्युको कथा सुनाउँछ । रमिलासँग सहयोगको अपेक्षा गर्दछ । रमिलाको काठमाडौंमा जनमुक्ति सेनाका पूर्वकमाण्डर र सदस्यहरु पासाङ, आशा, सलिना समरसिंह र सागरहरुसँग भेट हुन्छ । सलिना बाँच्न दोहोरी साँझ धाउँदै छे । आशा गृहिणीमा बदलिएकी छे । सागर घाट न घाटको बेरोजगारमा बदलिएको छ । शिवाले जिउँनका लागि होटलमा भाँडा माझ्न सुरु गर्छे । जिन्दगीले टोकिरहेका समयमा अयोग्यहरुको बीचमा क्रान्ति, श्रमसंघर्ष, पार्टीको तत्कालीन कार्यनीति, उत्पादन, सत्ता, सरकारजस्ता बहुविध विषयमा छलफल हुन्छ ।

एकवर्षपछि युद्धमा आफ्नो प्रिय मान्छे गुमाएको समरसिंह शिवाको कोठामा जान्छ र त्यहाँ शिवाले काम गरिरहेको होटल मजदुर युनियनको कमिसनको खेलमा आन्दोलन र चन्दाको धम्कीले बन्द हुन्छ । शिवा फर्सीदिली बन्छे । एकदिन युद्धमा सहिद भएका योद्धाहरु सपनामा पिचास बनेर आउँछन् र तिनले शिवासँग एकोहोरो प्रेम र सेक्स बक्दछन् ।



राजबहादुर कुँवर

शिवा कोटेश्वरबाट डेरातिर गइरहेको बेला अचानक पछाडिबाट कसैले अठ्याउँछ । भूतपूर्व छापामारअज्जनाहुन्छे।सामान्य भलाकुसारी पछि आफ्नो घरमा आउन निम्तो दिन्छे । शिवा त्यहाँ जान्छे । अज्जनाले मधेशको जग्गा बिक्री गरी घर किनेको बयान मात्र गर्दिन, पानी कम्पनी, कृषि फर्मदेखि रेष्टुर ाम्म फैलिएको आफ्नो लगानीको साम्राज्य बताउँछे र घरमा एउटा चौधरी नाबालिकालाई नोकर्नी बनाएर कन्याइ गरिएको मोजमस्तीको राजमा शिवालाई अड हुन्छ र फर्किन्छे ।

त्यही बेला समरसिंहले शिवालाई नयाँ जागिर लगाइदिन्छन् । आकर्षक तलवको पासोमा तरुनी खेति गर्ने म्यानपावर सञ्चालक मालिकको चालामाला ठीक नलागे पछि शिबाले आस्थासँग परामर्श लिन्छे । उनीहरु नयाँ संकटलाई नयाँ ढंगले सामना गर्न मानसिक ढंगले तयार हुन्छन् । आस्था र पासाङले कृषि कार्यलाई जीवन जिउने आधार बनाउँछन् । समरसिंह, शिवा र साथीहरु राज्य र पार्टीले अयोग्य सावित गरेपछि कृषि कर्मबाट स्वरोजगार र योग्यता सावित गर्ने संकल्प गर्दछन् । पासाङले लगातार तीन महिना जग्गा खोजेर लिजमा लिए पछि फर्म संचालनको नियम विनियमको निर्माण हुन्छ । यही बीचमा शिवाको बोसले अन्तर्राष्ट्रिय मिटिङमा शिवा नै जानुपर्ने बहानामा भोग गर्ने योजना निर्माण गर्दछ । शिवाले कृषि फर्मको दुरगामीतालाई ध्यानदिंदै अन्तर्राष्ट्रिय मिटिङमा जान नसक्ने भएपछि सम्भोगका लागि पैसाको प्रलोभन देखाउँछ । त्यो बोसलाई पैसाको होइन मानिसको मूल्य सिकाउँदै शिवाले अफिसमा कुटेर हात भाचिदिन्छे ।





अमेरिकाबाट सोहन फर्किन्छ । सोहन र रमिला दुई हप्ते यात्रामा निस्किन्छन् । सोहनले रमिलालाई म्यानपावर कम्पनीको बोसको हात शिवाले भाँचिदिएको समाचार सुनाउँछ र सपनामा शिवा रमिलाभै भएको पाउँछ । सोहन र रमिला गोरखा दरबार हुँदै पोखरासम्मको यात्रामा निस्किन्छन् । शिवा र सोहन पोखरा घुम्दै गर्दा शिवाले पहिलो चोटी सुहागरातको कल्पना गर्छे ।

पश्चिमी यात्राबाट काठमाडौं फर्के पछि दोलखाको जिरी हुँदै बराम, कालि लेकसम्म पुग्छन् । कालिलेकमा युद्धको बेला हतियार कारखानामा प्राविधिक दुर्घटनामा खुट्टा गुमाएको पासाङ र अर्को चौरी गोठालोको परिवारसँग भेट हुन्छ । शिवाको फन्डै श्वास फुस्किएको त्यो हिमाली पाटनको दस बर्षे पूर्वस्मृतिले उसलाई द्रवित तुल्याउँछ । काठमाडौं फर्किएपछि सोहनले शिवालाई फार्ममा छोडिदिन्छ र ऊ होटलमा फर्किन्छ । शिवाले पहिलो चोटी प्रेमको अनुभूति गर्छे । राती सपनामा कुमारी आमा भएको देख्छे । अर्कोदिन कलेज जानुपूर्व सोहनलाई फोन गर्न खोज्दा स्वीच अफ हुन्छ । कजेजबाट होटलमा जाँदा त्यहाँ सोहन हुँदैन । निकैबेर कुर्दा पनि आएन । साँफपख सोहनको फोन आउँदा ऊ कालिन्चोक यात्रामा हुन्छ । फर्मको विस्तार र अस्थायी टहराको निर्माण पश्चात शिवाले आमालाई उपचार गराउँछे । आमालाई सञ्चो हुन्छ । आमा र छोरीको दशक पछिको भेट भावपूर्ण हुन्छ । स्काइपमा सोहन र शिवाको गफ हुन्छ । स्काइपमा नै शिवाले सोहनलाई पहिलो चोटी प्रेम टक्राउँछे । सोहन रमिलाको प्रेमले द्रविभूत हुन्छ ।

अयोग्य र वर्हिगमित पूर्वछापामारहरुको पेरिसडाँडामा धर्ना सुरु हुन्छ । यो धर्ना युद्धको मूल्य र अधिकारको लडाईमा केन्द्रित छ । शिवाकी साथी सिर्जनासँग त्यहाँ भेट हुन्छ । जो अन्तरजातीय विवाहका कारण पारिवारिक भमेलामा फसेकी मात्र छैन, युवा लिगमा कार्यरत बुढो कोरिया भासिए पछि इट्टा भट्टामा काम गरेर गुजारा गर्दैछे । धर्ना अयोग्यको संवेनशीलता नबुझ्ने पत्रकार मात्र होइन चिल्ला कारहरुमा हुँइकिरहेका नेताहरु आइरहेछन् र विना प्रतिक्रिया गइरहेछन् ।

लामो समयपछि समरसिंह मैला कपडा र लामा लामा दाह्री जुँगासहित गहिरो उदासीलिएर आउँछ । व्यक्त गर्न नसकेकी मायालु शिवाको निकटताले उद्वेलित हुन्छ । आफू निराशावादी भएकोले कम्युनिष्ट नरहेको घोषणा गर्दछ । दोस्रो संविधानसभाको मेलो पारेर डिभिजन कमाण्डर जीतवीर सिर्जनशील कृषि फर्ममा जान्छ । त्यहाँ ऊ आफ्नै सदस्यहरुको समाजवादी क्रान्तिको कार्यनीति, रणनीति, युवाहरुको विदेश पलायन, घाइते, अपांग र अयोग्यहरुको सास्तीका यक्षप्रश्नहरु सामु नीरिह बन्छ । पार्टी गर्दैछ र गर्नेछजस्तो अमूर्त प्रशिक्षणलाई शिवाले अस्वीकार गरिदिन्छे ।

शिवाको लामो समयपश्चात आफूलाई जनमुक्ति सेनामा भर्ति गर्ने कमरेड बलिदानसँग भेट हुन्छ । एक इमान्दार र साहसी कमाण्डसँगको भेटले सिर्जनशील कृषि फर्ममा उत्साह सञ्चारित हुन्छ । प्रतिक्रान्तिविरूद्ध क्रान्तिका लागि इमान्दारहरु क्रियाशील नहुनु भनेको प्रतिक्रान्तिकै सेवा हुने निस्कर्ष निस्कन्छ । स्काइपमा सोहनसँग भेट हुन्छ । सोहन दुई महिना पछि नेपाल आउने खबरले शिवा उत्तेजित हुन्छे र एकसाथ विवाह, सुहागरातको कल्पना मात्र होइन उसको फाइभस्टारमा कोठाको व्यवस्था गर्छे । शिवाको गोज्याइले नेपाल आउँछ । दुईवर्षपश्चातको प्रेमिल भेट हर्षाश्रुले भरिन्छ । होटेल एभरेष्टमा राज्य, पुँजीवाद र बजारशास्त्रमाथि छलफल मात्र हुँदैन, यौनआनन्द पनि लिइन्छ ।

काठमाडौंबाट चरिकोटको यात्रामा निस्किन्छन् । चरिकोटमा सोहनले अनुरोध गरेको माओवादीले आफ्नो छोरोकोहत्यापछिहराएका नाति र बुहारीको बारे बेखबर दिनहीन बुढाबुढीको सेर्मा गाउँको झुपडीमा लैजान्छ । त्यहाँ एक बाहुनी आमा र दलितको कोखबाट जन्मिएको सोहनको उद्देश्य पुरा हुन्छ । सोहन अमेरिका फर्किन्छ र शिवा फर्ममा । सोहनसँगको यात्रालाई सहयात्रीहरुले रसिक कटाक्ष र व्यङ्ग्यको विषय मात्र बनाउँदैनन्, एकोहोरो प्रेम गर्ने समरसिंह पनि कहिल्यै नफर्किने गरी हराउँछ ।

सिर्जनशील कृषि फर्ममा धनवीर, विकल्प, आकाश आएका छन् । त्यहाँ विगुल, पासाङ, आस्था र शिवाहरु पनि छन् । उनीहरुबीच क्रान्तिकारी भूमिसुधार, खस अहंकारवाद, जातीय पहिचान, जनपक्षीय संविधान, बलिदान र क्रान्तिसम्बन्धी छलफल हुन्छ । नेपालबाट अमेरिकामा रहेको सोहनलाई शिवाले लामो छटपछि पछि वास्तविक शिवा को हो ? र शिवा कसरी रमिला बनी ? ऊ शिवा कै रुपमा किन बाँच्न चाहन्छे भन्ने पत्र र शिवाको साहसको महाकाव्य पहेलो घाम पार्सल गरेर खबर गर्छे । सोहन पत्र र उपन्यास पढेर ब्यूँभिन्छ ।

अन्तमा सोहन नेपाल आउँछ । रक्तरन्जित शिवाको गाउँमा सहिद घर निर्माण भएको छ । त्यसको उद्घाटनमा शिवा, सोहन जान्छन् । त्यहाँ कमरेड पासाङहरु मात्र छैनन्, हिजो सोभ्रा तामाङ, दलितमाथि दमन गर्ने काजी पनि छ । उद्घाटनमा त्यो काजी नै मुख्य अतिथिको रुपमा देखिन्छ । सोहनले 'सहिदको रगतले कट्कटिएको काजीको हातबाट सहिदघर उद्घाटन हुन नसक्ने ठहर मात्र गर्दैन, त्यहाँ सोहनको आमाले शिवा र सोहन सानो हुँदा त्यो घरमा कसरी रहेका थिए ? काजीको हातबाट सोहन मारिन कसरी जोगिएको थियो ? सोहनकी आमाले मागेकी बुहारी नै शिवा थिइ । सोहनले डकुमेन्ट्रिको निहुँमा भेटको वातावरण कसरी निर्माण गऱ्यो ? यो पूर्वकथासँगै उपन्यास सकिन्छ ।

### उपन्यासमा समकालीनता

पहेलो घाम उपन्यास क्रियात्मक वर्तमानको क्रियात्मक अभिव्यक्ति नै हो । क्रियात्मक समकालीनतामाथि लेख्नु जोखिमपूर्ण हुन्छ । उपन्यासले ओगटेको समकालीनताको पूर्ण आवृत्ति नै तयार छैन, त्यस्तो परिस्थितिमा उभिएका पात्रहरु र तिनको मनोदशामाथि लेखकले न्यायका लागि कठिनतम् साधना गरेका छन् । शिवाले भोगेको वर्तमान बाह्र बुँदे समझदारी हुँदै वृहत् शान्ति सम्झौताबाट जन्मिएको हो । युद्धको आँधीबेहरीबाट जन्मिएको जनमुक्ति सेना नेपाल अस्थायी क्याम्प केन्द्रित भएपछि अनमिनले शिवा र साथीहरुलाई अयोग्य सावित गरिदिन्छ र त्यही विन्दुबाट नै शिवाको औपन्यासिक चरित्रले आकार ग्रहण गर्दछ । युद्धमा मात्र होइन शान्तिमा पनि दुश्मनका अखडाहरुमाथि हमला गर्नु छ र उसले जीवनलाई 'आगो छुन मन लाग्ने जाँडोबाट गुजार्नु परेको छ ।

अज्जनाहरुको जीवनमा अकस्मात कायापलट मात्र भएको छैन, घाइते पासाङहरुको आधा खुट्टा खाइदिने बम रातारात डिस्पोज गरिएको छ । विस्फोटक निराशाको गर्तमा जाकिए पनि पार्टी पार्टी पार्टीको अवशाद गाइरहेका छन् पासाङहरुले । चौरी चर्ने पाटनहरु पुनः उदास छन् र तिनले कुनै छापामारको परेड देखिरहेका छैनन् । अपितु रोदिघरमा जीवन जिउन बाध्यछन् युद्धका योद्धाहरु । राष्ट्र निर्माणको अभियानबाट आफूलाई अलगथलग पार्दै कोरिया भासिएका छन् युवा लिगका कार्यकर्ताहरु र तिनले युद्धमा गाँसेको अन्तरजातीय पिरतीको रङ खुलिइएको छ । अयोग्यहरु योग्यताको लडाइँस्वरुप धर्ना बसिरहेछन् आफ्नै युद्धले सिर्जित पेरिस डाँडाको अखडामा । ति घाइते, अपांग र अयोग्यहरुलाई गिज्याउँदै हुँइकिरहेछन् बोस कमरेडहरु । नवधनाढ्य कमरेडका विरुद्ध गरिब कमरेडहरुको नाराबाजी चलिरहेछ ।

एकातिर छन् आफ्नो इमान्दारिताले श्रीमतिको उपचार गर्न नसकेका कमरेड बलिदानहरु र अर्कोतिर रातारात चम्किएका छन् कमरेड जितविरहरु । बलिदान र जितविरहरुको बीचमा छन् नयाँ कर्ममा जुटिरहेका आस्था, पासाङ र शिवाहरु । जो पार्टीसँग एकोहोरा गुनासोको पोको पन्तरो बोकेर हिंड्दैनन्, जिउनका लागि श्रमको हतियार उठाउँछन् र माटोलाई सुनमा परिणत गरिदिन्छन् । उपन्यासले माटोलाई सुनमा बदल्ने कार्यनीतिलाई जोड दिएका शिवाहरुको जिन्दगीलाई साधारणीकरण गर्दछ ।

यो उपन्यासमा जे जति घटनाहरु घटेका छन्, जे जति पात्रहरुको चित्रण गरिएको छ, ति सबै समकालीन परिवेशबाटै गुज्रिएका छन् । बगिरहेको खोला, दन्किरहेको आगो र गर्जिरहेको बादलमाथि अनुमानहरु हुनसक्छ, कुनै मूर्त प्रतिमानहरु निर्माण गर्न सकिदैन । लेखकले बारुदको विरुदावली गाएकी शिवालाई मूर्तिकृत गरेका छन् ।

### जीवनको काव्यिक प्रतिनिधित्व

उपन्यासमा युद्धबाट गुज्रिएका जीवनहरु छन् र ति मूलतः युद्धबाट निर्मित चेतना र सौन्दर्यलाई शान्तिकालमा अनुवाद र विकृत भइरहेका छन् । लेखकले शिवालाई सेनाको आतंकको गर्भबाट जन्माउँछन्, युद्धमा हुर्काउँछन् र शान्तिमा सर्घषरत तुल्याउँछन् । नायिकामा कुनै कमि देखिदैन । ऊ ६ महिनामै सार्पसुटर छापामार बन्छे । एउटै कारवाहीले अन्तर्राष्ट्रियकरण हुन्छे । हिन्दी फिल्मका नायकहरुले एकसाथ सयौं उधुमहरु मच्चाउँछन्, त्यो प्रवृत्तिबाट नायिकालाई जादुगरी तुल्याउने कोशिस गरिएको छ ।

आफ्नो कमाण्डरले प्रेमको प्रस्ताव गर्दा नै हात भाँचिदिने, आफ्नो बोसले सेक्सको प्रस्ताव र जर्वजस्तीमा हात भाँचिदिने नायिक विवाह विना नै सोहनसँग एभरेष्ट होटलमा सेक्स गरिदिन्छे । प्रेम, विवाह र सेक्सको क्रमिक एकनिष्ठता तोडिदिन्छे । यसले सेक्सको परम्परागत धारणाबाट गुज्रिएका मार्क्सवादीहरुका लागि एकप्रकारको गाँठो पारिदिने छ ।

अर्कोतिर सोहन काजीको भान्जा हो । काजिहरुले उसको बाबुलाई आफ्नो बाहुन छोरी बिहे गरेवापत हत्या गरिदिन्छन् ।

... बाँकी ८ पेजमा

कविता

# प्रचण्ड माया

■ पवन पटेल

जनताको नाममा
जंगे माया बन्दछ प्रचण्ड
अवसरको दोधारे तरवारले
प्रहार गर्दछ चौतर्फी ।

जनताको नाममा
जंगे माया बन्दछ प्रचण्ड
कहिले रोल्पाली आगो दन्काएर
खरानी पार्दछ शाही लंका
एउटा नयाँ लंका बनाउन
रामको संरक्षणमा
बनेर लंकाधीश ।

जनताको नाममा
जंगे माया बन्दछ प्रचण्ड
लंकाको वैभव भोग्न
लिएर दुई बगली हनुमानको टोली
रामनामी दिव्य किरणहरुले सुशोभित भई ।

जनताको नाममा
जंगे माया बन्दछ प्रचण्ड
कहिले दूनका उर्वर मैदानहरुबाट
आगो लिएर भारदारहरुको
बूटमुनि थिचिएका मूक वेदनाहरुले सिंचित
शताब्दीयौंको रगत(पसिनाले निर्मित
ध्वस्त गर्न लंकामा बसेको गोर्खाली उपनिवेशलाई
बनेर रामको साँचो विभीषण ।

जनताको नाममा
जंगे माया बन्दछ प्रचण्ड
दुई नाउमा सवारी गर्दै
प्रायः दक्षिणको
कहिलेकाहिँ उत्तरको पनि
इतिहासबाट शिक्षा लिँदै
अवसर अनुकूल ।

जनताको नाममा
जंगे माया बन्दछ प्रचण्ड
पिट्दछ राष्ट्रवादको डंका
रामको लंकालाई परिवर्तित गर्दै
एक्काइसौं शताब्दीका लेण्डुपहरुको लंकामा
जन्माउन मौकाको फागू संस्करण,
सजाएर दीप चिनियाँ माटोमा
अर्पण गरेर गाढ़ा राता कमलको फूल
'जन-गण-मन'विरोधी फूल
मनाउन रक्तरंजित दीपा(ओली
ओम ! संसारको मजदुर एक होऔँ !
ओम ! हाम्रो राजा प्राणभन्दा प्यारो !

जनताको नाममा
जंगे माया (अवश्य) बन्दछ प्रचण्ड
तर जंगे मायाले गर्ने गर्दथ्यो
मात्र एउटा डुङ्गामा सवारी
अंग्रेजहरुको कुत्ता बनेर,
प्रचण्ड मायाले गर्दछ
एकै पटक दुई वटा डुङ्गामा सवारी,
बहादुर कुक्कुरहरुको शेर नस्ल जन्माउन
किनभने प्रचण्ड माया
न त पूर्णतया बुर्जुआ बन्न सकेको छ र
न त कम्युनिस्ट नै ।

प्रचण्ड मायाले मात्र
पराधीन जातिहरु जन्माउँदछ ।

●●●

*(हिन्दीबाट अनुवाद रोशन जनकपुरीले गरेका हुन् जो मधेशका वामपन्थी नेता व नेपाली व मैथिलीका कवि हुन्)*

# कथित संविधान र संघीय व्यवस्था

नगेन्द्र राई

छ दशक लामो नेपाली जनताको वलिदानीपूर्ण सङ्घर्ष, १० वर्षे जनयुद्ध, ऐतिहासिक जनआन्दोलन ०६२/०६३, आदिवासी जनजाति आन्दोलन, मधेश विद्रोह, दलित, महिला, मुस्लिम र विभिन्न वर्ग र समुदायको आन्दोलनको उपलब्धीस्वरुप नेपाली जनताले २०६४ सालमा आफ्नो संविधान आफैले निर्माण गर्ने पहिलो अवसर पाएका थिए। त्यस संविधानसभामा जनताको व्यापक सहभागिता रहेको थियो र त्यस संविधानसभामा आदिवासी, जनजाति, मधेसी, दलित, महिला, मुस्लिम, अल्पसंख्यक, सिमान्तकृत र श्रमजिवी जनता र अग्रगामी राजनैतिक पार्टीको प्रतिनिधित्व दुईतिहाई भन्दा बढी रहेको थियो। उक्त संविधानसभाले संविधान निर्माण गरेको भए निश्चित रुपमा प्रगतिशील र अग्रगामी संविधान निर्माण हुन्थ्यो र जनताका केही मागहरु सम्बोधन हुन्थ्यो। तर पश्चगामी र यथास्थितिवादीहरुले त्यसो हुन दिएनन्। संविधानसभालाई षड्यन्त्रमूलक ढंगले विघटन गरी बहालवाला प्रधान्न्यायाधीसको नेतृत्वमा असंवैधानिक, अलोकतान्त्रिक, निर्दलीय सरकार गठन गरी सेनाको घेरामा संविधानसभाको कथित दोस्रो निर्वाचन गरियो। यो षड्यन्त्रमा मुख्यतः तत्कालीन एमाओवादी (हाल माओवादी केन्द्र), ने.का. र ने.क.पा. (एमाले) रहेको थियो भने प्रतिगामी शक्ति राजावादीहरु पनि पहिलो संविधानसभा विघटन गरी दोस्रो संविधानसभामा आफ्नो संख्या बढाउन चाहेका थिए।

अर्कोतर्फ मुलुकको शान्ति, स्थायित्व, उन्नति, समृद्धि देख्न नचाहने विस्तारवादी, साम्राज्यवादी शक्तिसमेतको षड्यन्त्र रहेको थियो। यो विषय हाम्रो पार्टीले प्रष्ट ढंगले बुझेको थियो र हामी लगायत ३३ दलले संविधानसभाको दोस्रो निर्वाचनको बहिष्कार गरेका हौं। हाम्रो पार्टीले जुन ढंगले राजनैतिक विश्लेषण गरी निर्वाचन बहिष्कार गरेको थियो। त्यो संविधानसभाको परिणाम र त्यसले जारी गरेको एक थान प्रतिगामी संविधानले पुष्टि गरेको छ। यो संविधानमा आदिवासी जनजातिको पहिचानसहितको स्वशासनमा आधारित संघीयता आएको छैन। यो संविधानले पहिचानलाई मेट्ने काम गरेको छ भने प्रदेशहरुको सिमाङ्कनले उत्पीडित जातिहरुको सघन बसोबासलाई खण्डित गरेको छ। जस्तै मगरहरु सघन बसोबास भएका क्षेत्रलाई ३ टुक्रा पारेको छ, थारु वा थरुहटलाई खण्डित गरेको छ। यो सिमांकनले उत्पीडित जातिहरुलाई विभाजित गरी शासकीय जातिकै प्रादेशिक तहमा पनि वर्चश्व कायम गर्ने षड्यन्त्रका साथ आएको छ। अन्तरिम संविधानको भावनाविपरीत यो संविधानसभाले राज्यको संरचना गरेको छ। यो राज्यको संरचना कुनै सैद्धान्तिक आधारमा छैन।

पहिलो संविधानसभाले अघि सारेको पहिचानका ५ र सामार्थ्यका ४ आधारहरुलाई वेवास्ता गर्दै अहिले कांग्रेस, एमाले, माओवादी केन्द्रजस्ता यथास्थितिवादी प्रतिगामी शक्तिहरुको अनुकूलतामा बनाइएको संघीय संरचना हो। यो राजा महेन्द्रको १४ अञ्चलका आधा संख्यामा ७ प्रदेश आएको छ। यसको नीति र उद्देश्य राजा महेन्द्रको भन्दा केही फरक छैन। यसले राष्ट्रिय एकतालाई मजबुत पार्न सक्दैन। राष्ट्रिय एकता भनेको समानता, भातृत्व अनि राष्ट्रिय एकतामा हुन्छ। विभेद कायम गरेर एकता हुन सक्दैन। सोभियत संघ निर्माण हुँदा क.लेनिनले भन्नुभएको थियो, "संघ भनेको पूर्ण एकताको संक्रमणकालीन रुप हो।" लेनिनले सोभियत संघ निर्माण गर्दा उत्पीडित राष्ट्रहरुको आत्मनिर्णयको अधिकारसहितको संघ थियो। तर यहाँ आत्मनिर्णयको अधिकार त के जातिहरुको आफ्नो पहिचान राख्ने नै नैसर्गिक अधिकारसमेत स्वीकार गरिदैन। यस्तो पनि संघीय व्यवस्था हो ? यसले राष्ट्रिय एकता कायम गर्ला ? जनता-जनताबीचको भावनात्मक एकता कायम गर्ला ? विषय गम्भीर छ तर नेतृत्व गम्भीर छैन। अहिले पनि एमाले, कांग्रेस, माओवादी केन्द्रका नेताहरु संकीर्ण, सामन्ती ब्राह्मणवादी चिन्तनबाट माथि उठ्न सकेका छैनन्। यस्तो सोचले मुलुकमा गम्भीर दुर्घटना निम्तिन सक्छ।

अझ सरकारकै नेतृत्व गरिरहेका प्रधानमन्त्री केपी ओलीले नेपालले संघीयता थेग्न सक्दैन भन्ने तर्क अघि सारेका छन्। बोकाको टाउकोमा भैंसीको सिङ भनी कुतर्क गरेर हाँसी मजाक गरेका छन्। संघीयता, धर्म निरपेक्षता, गणतन्त्र, लोकतन्त्र, समानुपातिक, समावेशी कुनै व्यक्तिको दान, दया-माया, बकस, हुकुम प्रमाङ्गीबाट प्राप्त भएको हैन। यी मुद्दाहरु जनताको वलिदानीपूर्ण सङ्घर्षबाट प्राप्त रगतले साटेको हो। संघीयताको विरोध गर्नु भनेको संविधानकै विरोध हो। आफैले जारी गरेको संविधानको विरोध गर्नु प्रधानमन्त्रीको पागलपनको अभिव्यक्ति हो वा संघीयतासम्बन्धी सामान्य ज्ञान पनि नहुनु हो तर यो सरकारमा उहाँ मात्र हैन संघीय लोकतान्त्रिक गणतन्त्रका मन्त्रीहरु राजाको जन्मोत्सव मनाउन पुग्छन्। कोही मन्त्री राजतन्त्रका लागि आफ्नो मन्त्री पद बाजी राख्छन् र कोही मन्त्रीहरु धर्म निरपेक्ष राज्यमा हिन्दु अधिराज्यको अभियान चलाउँछन्। यसरी अहिले मुलुकमा पूर्ण रुपमा प्रतिगमन भएको अवस्था हो। यस्तो अवस्थाबाट मुलुकलाई अग्रगामी परिवर्तनमा लैजान र महान सहिदहरुको सपना साकार पार्नको लागि फेरि एकचोटि निर्णायक आन्दोलनको खाँचो रहेको छ। त्यसका निम्ति सम्पूर्ण उत्पीडित जाति, वर्ग, लिङ्ग, समुदाय र अग्रगामी राजनैतिक शक्तिहरुका बीचमा बृहत खालको साझा मोर्चा राष्ट्रियता, जनतन्त्र, जनजिवीकाको विषयमा बन्नु आवश्यक रहेको छ। त्यस्तो मोर्चाले संयुक्त आन्दोलनबाट उत्पीडित जातिको पहिचानसहितको संघीयता र श्रमजीवी जनताको जनवादी राज्यव्यवस्थाको स्थापना गर्न सक्छ।

## समाचार संक्षेप

### हप्तामा साढे ६ अर्बको सेयर कारोबार

**काठमाडौं।** असार महिनाको अन्तिम साता सेयर बजारमा ६ अर्ब ५ करोड ५४ लाख १३ हजार ११ रुपैयाँको सेयर कारोबार भएको छ। साताको पहिलो दिन आइतबार सेयर बजार ६.८१ अंकले बढेको वजार त्यसपछि सरकार परिवर्तनको प्रभाव र मौद्रिक नीतिमा बैंक तथा बित्तीय संस्था सम्बन्धी कस्तो व्यवस्था हुने भन्ने अन्योलले घटेको थियो।

आइतवार जलविद्युत र बीमा समूहबाहेक अन्य सबैको सूचक हरियो भएको थियो भने एक सय ४५ कम्पनीको २२ लाख १७ हजार ९ सय ७३ कित्ता खरिद बिक्रिबाट एक अर्ब ४३ करोड ७० लाख ४६ हजार ९ सय ५६ रुपैयाँको कारोबार भएको थियो। तर, सोमबार भने बजार उच्च अंकको गिरावट आएको थियो। सोमवार २०.२६ अंकले घटेर नेप्से परिसूचक १७०२.२७ अंकमा झरेको थियो। सो दिन दिनभर १ सय ४५ कम्पनीको १८ लाख १४ हजार ७ सय २० कित्ता सेयर खरिद बिक्रिबाट ९१ करोड ४२ लाख ४८ हजार ३ सय ६२ रुपैयाँ कारोवार भएको थियो।

यस्तै, मंगलबार पनि सरकार परिवर्तनको प्रभावकै कारण बजार ९ अंकले झरेको थियो। कुल १३८ कम्पनीको १६ लाख ३९ हजार २५७ सेयर खरिद बिक्रिबाट एक अर्ब १३ करोड ९१ लाख ७२ लाख १ सय ७१ बराबरको कारोबार भएको थियो।

बुधवार केही समय बजार बढेको भएपनि अत्यमा २.६४ अंकले गिरावट आएको थियो। बजारमा प्रत्यक्ष प्रभाव पार्ने बैंकिङ, विकास बैंक र फाइनान्स समूहको सूचक घटेकाले त्यसको प्रत्यक्ष प्रभाव बजारमा देखिएको थियो। दिनभर एक सय ४३ कम्पनीको १९ लाख ६६ हजार ७ सय ४ कित्ता सेयर कारोवार किनवेचबाट एक अर्ब ९ करोड ७० लाख ९१ हजार ६ सय ५९ रुपैयाँको कारोवार भएको थियो। यो दिन होटल, उत्पादन र 'अन्य' समूह बाहेक सबैको परिसूचक रातो भएको थियो।

तर, कारोवारका हिसावले साताको अन्तिम दिन बिहीवार भने सेयर बजार २७.७२ अंकले बढेको थियो। बिहीवार सबै समुहको सूचक हरियो भएका थिए। नेपाल राष्ट्र बैंकले मौद्रिक नीति जारी गरेकाले पनि बजार माथि उठेको थियो।

बिहीवार कुल २५ लाख ५० हजार ६ सय ५८ कित्ता सेयर किनवेचवाट एक अर्ब ४६ करोड ७८ लाख ५३ हजार ८ सय ६३ रुपैयाँको सेयर कारोवार भएको छ। बजार वन्द हुँदा १ हजार ७१८.१५ अंकमा अडिएको छ।

### अब कोरियामा नेपाली कामदारको तलब १ लाख ३० हजार

**काठमाडौं।** रोजगार अनुमति प्रणाली (इपीएस)मार्फत् कोरिया पुगेका विदेशी कामदारको न्युनतम् तलव अब १ लाख ३० हजार हुने भएको छ। सन् २०१७ देखि लागू हुने गरी कोरियामा इपीएस प्रणालीबाट गएका कामदारको न्युनतम तलवमा वृद्धि गर्न लागिएको हो।

कोरियाको श्रम मन्त्रालय अन्तरगतको पारिश्रमिक निर्धारण परिषद्ले इपीएस कामदारको तलवमा ७ प्रतिशतले वृद्धि गर्ने निर्णय गरेको छ। अब यही प्रणालीमार्फत भाषा परीक्षा पास गरेर गएका नेपालीको पनि न्युनतम् तलवमा वृद्धि हुने कोरियाहेराल्ड डटकमले जनाएको छ।

नयाँ तलव लागू भएपछि २ महिनाको २ सय ९ घण्टा काम गर्ने कामदारले न्युनतम १३ लाख ५२ हजार अवन अथार्त १ लाख ३० हजार रुपैयाँसम्म हात पार्नेछन्।

अहिलेको घण्टाको ६ हजार ३० वन पाउँदै आएका कामदारले अब प्रतिघण्टा ६ हजार ४ सय ७० वन अर्थात करिब ६ सय रुपैयाँ पाउने छन्। नयाँ तलव लागू भएपछि २ महिनाको २ सय ९ घण्टा काम गर्ने कामदारले न्युनतम१३ लाख ५२ हजार अवन अथार्त १ लाख ३० हजार रुपैयाँसम्म हात पार्नेछन्।

कोरियामा मजदुर अधिकारकर्मीले प्रतिघण्टा १० हजार वन तलव कायम गर्न माग गर्दै आएका छन्। इपीएस प्रणालीमार्फत नेपालबाट झण्डै ३८ हजार नेपाली कोरियामा कार्यरत छन्। उनीहरु कृषि र उत्पादनमूलक क्षेत्रमा का गरिरहेका छन्। अबको वर्ष इपीएसमार्फत ३१ सय नेपाली कोरियन भाषा परीक्षा पास हुनेछन्। झण्डै ५७ हजारले भाषा परीक्षा दिएका छन्। परीक्षाको नतिजा साउन ११ गते प्रकाशन हुने सम्बद्ध स्रोतले जनाएको छ।

# के छ राष्ट्र बैंकले सार्वजनिक गरेको मौद्रिक नीतिमा ?

**काठमाडौं।** नेपाल राष्ट्र बैंकले आ.व. ०७३/०७४ को मौद्रिक नीति सार्वजनिक गरेको छ। बिहीबार राजधानीमा सार्वजनिक गरिएको आगामी मौद्रिक नीतिमा राष्ट्र बैंकले लघुवित्त कम्पनीको न्यूनतम चुक्ता पुँजी र स्प्रेड दर तोकेको छ। लघुवित्त कम्पनीका लागि न्यूनतम चुक्ता पुँजी र स्प्रेडदर तोकिएको यो पहिलो पटक हो। वित्तीय संस्थाहरुले ऋणीसँग लिने ब्याज र निक्षेपकर्तालाई दिने ब्याजबीचको अन्तर नै स्प्रेड दर हो।

नीति सार्वजनिक गर्दै राष्ट्र बैंकका गभर्नर डा. चिरञ्जीवी नेपालले लघुवित्त कम्पनीको स्प्रेडदर ७ प्रतिशत कायम राख्ने गरी व्यवस्था मिलाइएको घोषणा गरे। यसअघि २०६८ सालमा वाणिज्य बैंक, विकास बैंक तथा वित्त कम्पनीहरुको मात्रै स्प्रेड दर ५ प्रतिशत तोकिएको थियो।

लघुवित्त कम्पनीहरुको ब्याजदर अत्याधिक रहेको भन्ने गुनासो आइरहेको बेलामा नयाँ मौद्रिक नीतिले स्प्रेड दर तोकेको हो। लघुवित्त कम्पनीहरूले २० देखि २५ प्रतिशतसम्म ब्याज लिँदै आएका छन्।

**स्प्रेड दर यथावत**

यसअघिका गभर्नर डा. युवराज खतिवडाले बैंकहरुले कर्जा र निक्षेपमा लिने र दिने ब्याजबीचको अन्तर (स्प्रेड दर) ५ प्रतिशत कायम गरेको व्यवस्थालाई अहिलेका गभर्नरले पनि निरन्तरता दिएका छन्। बैंकरहरुले स्प्रेड दर खारेज गर्न माग गरेका थिए। बरु गभर्नर नेपालले बैंकरहरूलाई निर्देशित कर्जाको सीमा बढाएका छन्। यो मौद्रिक नीतिलाई बैंकरहरूले कसिलो मौद्रिक नीति भएको प्रतिक्रिया दिएका छन्।

नयाँ मौद्रिक नीतिले २०७५ असार मसान्तसम्ममा राष्ट्रियस्तरका थोक कारोबार गर्ने लघुवित्त कम्पनीहरुको न्यूनतम चुक्ता पुँजी ६० करोड पुऱ्याउनुपर्ने व्यवस्था गरेको छ। हालसम्म लघुवित्त कम्पनीको न्यूनतम चुक्ता पुँजी न्यूनतम १० करोड हुनुपर्ने व्यवस्था छ।

चालु आर्थिक वर्षको मौद्रिक नीतिमा वाणिज्य बैंक, विकास बैंक र फाइनान्स कम्पनीको न्यूनतम चुक्ता पुँजी ४ देखि २५ गुनासम्म बढाउने घोषणा गरेको थियो। चालु मौद्रिक नीतिमै राष्ट्र बैंकले लघुवित्त कम्पनीको चुक्ता पुँजी बढाउने उल्लेख गरेको थियो।

**लघुवित्त कम्पनीलाई इजाजत नदिइने**

राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत् अर्को व्यवस्था नभएसम्मको लागि नयाँ लघुवित्त कम्पनीको इजाजत नदिने घोषणा गरेको छ। हाल ४० वटा लघुवित्त कम्पनीहरुले अनुमतिका लागि राष्ट्र बैंकमा आवेदन दिएका छन्। राष्ट्र बैंकले तोकेका जिल्लामा प्रधान कार्यालय रहने गरी स्थापना हुने लघुवित्त कम्पनीहरुको इजाजत भने नरोकिएको गभर्नर नेपालले बताए। लघुवित्त संस्थाबाट प्रवाह हुने विद्यमान कर्जा सीमा बढाएको उनले बताए।

सेयर धितो र घरजग्गा कर्जामा कडाई

राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत सेयर धितो कर्जामा कडाई गरेको छ। औसत १८० दिनको सेयर मूल्यको आधारमा सेयर धितोमा ६० प्रतिशतसम्म ऋण दिन पाउने व्यवस्थालाई घटाएर ५० प्रतिशतमात्रै दिन पाउने व्यवस्था गरिएको गभर्नरले जानकारी दिए।

एक वर्षदेखि लगातार सेयरको मूल्य बढिरहेको छ, जसअनुसार कम्पनीहरुको सेयरको भाउ बढेको छ। बढ्दो भाउमा गरिएको मुल्यांकन भोलि सेयर मूल्य घट्दा अव्यवहारिक हुने भएकाले सेयर धितो कर्जामा ऋण दिने सीमा घटाएको राष्ट्र बैंकको तर्क छ।

राष्ट्र बैंकले घरजग्गा कर्जामा कडाई गर्ने संकेत देखाएको छ। नयाँ मौद्रिक नीतिमार्फत घरजग्गा कर्जामा कडाई गर्न लागिएको हो। बैंक तथा वित्तीय संस्थाबाट घरजग्गामा हुने कर्जा विस्तारका कारण समग्र वित्तीय स्थायित्वमा पर्न सक्ने सम्भावित असरप्रति सजग रहने नयाँ मौद्रिक नीतिमा उल्लेख छ।

नयाँ मौद्रिक नीतिले घरजग्गामा प्रवाह हुने कर्जालाई बढी भन्दा बढी कृषि, उर्जा, पर्यटन, घरेलु तथा साना उद्योग लगायतका उत्पादनशील क्षेत्र र विपन्न वर्गमा प्रवाह हुने गरी कार्यदिशा तय गरेको गभर्नरले बताए।

एक करोड रूपैयाँभन्दा कमको होमलोन बाहेक रियलस्टेटमा बैंकहरूको लगानी ०७२ चैत मसान्तसम्ममा साढे ७६ अर्ब रूपैयाँ छ। एक करोडभन्दा कमको होम लोनलाई रियलस्टेटमा गणना नगर्ने राष्ट्र बैंकले जनाएको छ। ०७२ चैत मसान्तसम्ममा त्यस्तो होमलोन ९८ अर्ब रूपैयाँ छ।

नगद कारोबारमा ३० लाखको सीमा

राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत ३० लाख रुपैयाँसम्म मात्रै नगद कारोबार गर्न पाइने व्यवस्था गरेको छ। ३० लाखभन्दा माथिको कारोबार अनिवार्य रुपमा चेकमार्फत गर्नुपर्ने छ। यसअघि ५० लाखसम्मको कारोबार नदगमै गर्न पाइन्थ्यो।

१० लाखसम्मको कृषि कर्जालाई विपन्न वर्ग कर्जामा गणना गरिने गभर्नर नेपालले बताएका छन्। यसअघि बैंकहरुले ५ प्रतिशत विपन्न वर्गमा प्रवाह गर्नुपर्ने कर्जाको सिमालाई यथावत राखिएको छ। तर, त्यसको २ प्रतिशत प्रत्यक्ष लगानी गर्नुपर्ने छ।

कृषि र उर्जामा १५ प्रतिशत लगानी

राष्ट्र बैंकले कृषि र उर्जा क्षेत्रमा बैंकहरुको कुल लगानीको १५ प्रतिशत अनिवार्य कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरेको छ। यसअघि १२ प्रतिशत लगानी गर्नुपर्ने व्यवस्था छ। उत्पादनशील क्षेत्रमा कर्जा बढाउने उदेश्यले कृषि र उर्जामा लगानी गर्नुपर्ने सीमा बढाइएको गभर्नरले बताए।

बैंकलाई उत्पादनसँग जोड्नलाई उत्पादनशील क्षेत्रमा लगानी बढाइएको गभर्नर नेपालले बताए। यसअघि नै कुल लगानीको २० प्रतिशत उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्ने व्यवस्था भएकोमा जेठ मसान्तसम्ममा १६.२ प्रतिशत लगानी पुगेको उनले बताए। त्यसैगरी युवा किसानलाई ६ प्रतिशत ब्याजदरमा दिने भनिएको ऋण जेठ मसान्तसम्म २३ सय ४२ किसानले १ अर्ब ९९ करोड रुपैयाँ ऋण लिएको गभर्नरले जानकारी दिए।

सिआरआर यथावत

अनिवार्य नगद मौज्दात (सिआरआर) यथावत राखेको छ। तरलताको व्यवस्थापन गर्न सिआरआर ०.५ प्रतिशत बढाउन व्यवस्थापन समितिले प्रस्ताव गरेपनि सञ्चालक समितिमा सहमति नभएपछि यथावत राखिएको हो।

अहिले वाणिज्य बैंकहरुले कुल निक्षेपको ६ प्रतिशत, विकास बैंकहरुले ५ प्रतिशत र फाइनान्स कम्पनीहरुले ४ प्रतिशत सीआरआर राख्नुपर्ने व्यवस्था छ। तर, तरलता व्यवस्थापनका लागि राष्ट्र बैंकले अन्य मौद्रिक औजारहरु प्रयोग गर्ने जनाएको छ।

काजिका अ.द.नं. १९४/०७३

वर्गदृष्टि
Bargadrishti Weekly साप्ताहिक

## आलोपालो

# क्रान्तिकारी आवरणमा संशोधनवादी भ्रम



**प्रेम सुवेदी**

*'संशोधनवादीहरु, दक्षिणपन्थी अवसरवादीले मार्क्सवादप्रति ओंठेभक्ति देखाउँछन्, उनीहरुले 'जडसुत्रवाद'माथि प्रहार पनि गर्दछन् तर उनीहरुले प्रहार गर्ने चीज त साच्ची नै मार्क्सवादको सारतत्व नै हो ।'- माओत्सेतुङ्ग*

उपरोक्त माओको भनाइले संशोधनवादीहरु तथा दक्षिणपन्थी अवसरवादको असली स्वरुपलाई छर्लङ्ग पार्दछ । र, रुपमा मार्क्सवादको कुरा गर्ने सारमा मार्क्सवादमाथि नै हमला गर्ने उनीहरुको चरित्रगत विशेषता हो । तसर्थ संशोधनवादीहरु दक्षिणपन्थी अवसरवादीहरुले सिर्जना गर्ने भ्रमलाई समयमा नै ठीक ढङ्गले भण्डाफोर गर्न जरुरी हुन्छ । त्यतिमात्र होइन, क्रान्तिकारीहरुले आफना विचार, दृष्टिकोणलाई स्पस्ट गर्दै संघर्षका माध्यमद्वारा जनताको नेतृत्व गर्ने कुशलता देखाउनु पर्दछ ।

यतिबेला विश्व र स्वयं नेपालको कम्युनिष्ट आन्दोलनमा पनि दक्षिणपन्थी संशोधनवाद मुख्य समस्याको रुपमा रहेकोले त्यसका विरुद्धको संघर्षलाई जोड दिनुपर्दछ । निश्चय नै कतिपय बेला दक्षिणपन्थी अवसरवाद मात्र होइन, उग्रवामपन्थी अवसरवादी पनि विचारले पनि गंभीर समस्या उत्पन्न गरेको देखिन्छ । तर अहिलेको मूख्य चुनौती दक्षिणपन्थी अवसरवाद माओवादको सिर्जनात्मक प्रयोगको चर्चा गरे पनि सारमा साम्राज्यवादी, उदारवाद तथा घरेलु प्रतिक्रियावादको सेवा गर्दै आएको तथ्य जगजाहेर छ ।

यस प्रकारको परिस्थितिमा कम्युनिष्ट क्रान्तिकारी शक्तिहरुको दायित्व र कर्तव्य संशोधनवादका विरुद्ध निर्मम ढङ्गले विचारधारात्मक संघर्षका साथै संगठनात्मक हिसावले समेत दक्षिणपन्थी संशोधनवादका विरुद्ध सघर्ष गरेर सही क्रान्तिकारी आन्दोलनको निर्माण गर्न जरुरी छ ।

संशोधनवाद र क्रान्तिकारी आन्दोलनका बीचमा सामान्य सैद्धान्तिक प्रश्नमा मात्र होइन, राजनीति, संगठन, संघर्ष र सांस्कृतिक हिसाबले समेत फरक छ । त्यो फरकलाई पुष्टि गर्ने कार्यमा क्रान्तिकारीहरुले विशेष ध्यान दिनुपर्दछ । यतिबेला दक्षिणपन्थी संशोधनवाद र क्रान्तिकारीहरुको भूमिकामा तुलात्मक अन्तर देखिए पनि गुणात्मक हिसाबले अन्तर नदेखिएका कारणले  पनि कम्युनिष्ट आन्दोलनमा संशोधनवादीहरुले विभिन्न भ्रम सिर्जना गर्न सफल भएका छन् । तसर्थ क्रान्तिकारीहरुले आफ्ना आम तथा विशिष्ट नीति निर्धारण गर्दा सधै क्रान्तिकारी विचार र राजनीतिका साथै त्यही अनुकूल संगठन निर्माण र संघर्षका कार्ययोजना बनाउन जरुरी छ । यस सन्दर्भमा स्टालिनको भनाइ यस्तो रहेको छ- 'सामान्य कार्यदिशाको पक्षमा हुने राम्रा प्रस्ताव र घोषणाहरु सुरुआत मात्र हुन्, तिनले विजय स्वयंलाई होइन, बरु विजयको इच्छालाई मात्र व्यक्त गर्दछन् । सही कार्यदिशाको प्रतिपादन भइसकेपछि समस्याको सही समाधान पत्ता लागेपछि कुन ढङ्गले कामको संगठन गरिएको छ भन्ने कुरामाथि कार्यदिशाको प्रयोगको लागि संर्घषको संगठन, कार्यकर्ताको उचित छनौट तथा नेत्वृत्वकारी निकायहरुको निर्णयको कसीमा गरिने निरीक्षणले सफलता निर्भर गर्दछ । अन्यथा पार्टीको सही कार्यदिशा र सही समाधान गम्भीर रुपले कमजोर हुने खतरा रहन्छ ।'

उपर्युक्त भनाइले क्रान्तिकारी पार्टीका लागि कार्यदिशाको जति महत्व छ, त्यत्तिकै महत्व संगठन, कार्यकताको छनौट संर्घष सम्बन्धी योजना हुनुपर्ने कुरामा जोड दिन्छ । दक्षिणपन्थी संशोधनवादीहरुले सामान्य सिद्धान्तमा मार्क्सवादप्रति ओंठेभक्ति देखाए पनि व्यवहारमा उनीहरुले पूँजीपतिवर्गको सेवकको रुपमा काम गरेका हुन्छन । त्यसलाई वैचारिक रुपमा मात्र होइन, संगठन तथा संघर्षका हिसावले समेत उनीहरुलाई पराजित गर्न क्रान्तिकारीहरुले ध्यान दिनुपर्दछ ।

दक्षिणपंथी संशोधनवादको विरुद्धको संघर्षमा विश्व र स्वयं नेपालको कम्युनिष्ट आन्दोलनमा पनि लामो इतिहास छ । एउटा सन्दर्भमा क्रान्तिकारी भूमिका खेलेका शक्ति तथा व्यक्तिहरु कालान्तरसम्म क्रान्तिकारी रहिरहन सक्छन् भन्न सकिंदैन । ती शक्तिहरु पहिले वैचारिक हिसाबले मार्क्सवादप्रति ओंठेभक्ति देखाउँदै 'सिजर्नात्मक' प्रयोगको नाममा मार्क्सवादीप्रति हमला गर्छन् । पछि क्रमशः संगठन र संघर्षका हिसावले सामाज्यवाद र प्रतिक्रियावादी व्यवस्थाका औजार बन्दै जान्छन् । यो श्रृंखला धेरै लामो समयदेखि चल्दै आएको छ । नेपालको कम्युनिष्ट आन्दोलनमा दक्षिणपन्थी र अवसरवादका विरुद्ध निकै ठूलो सघर्ष चल्दै आएको छ । दक्षिणपन्थीहरुको मुख्य आक्रमण क्रान्तिकारी विचार, संगठन र संघर्षका विरुद्ध चल्दै आएको छ । अहिले मुख्य गरेर एमाले र माओवादी केन्द्रका नीति र कार्यक्रमलाई हेर्दा त्यो कुरा छर्लङ्ग हुन्छ । उनीहरुले एकातिर साम्राज्यवादीले अगाडि सारेका नीतिहरुलाई कार्यान्वयन गर्न आफनो सम्पूर्ण शक्ति लगाएका छन् भने अर्कोतर्फ क्रान्तिकारी आन्दोलन र विचारलाई ध्वस्त गर्न विभिन्न षड्यन्त्र गर्दै आएका छन् । उनीहरुका लागि मालेमावादका मूल्य, मान्यता र आदर्श केही पनि होइनन् । जसरी हुन्छ जसको दलाली गरेर भए पनि प्रतिक्रियावादी सत्तामा पुग्ने वा रहने कुरा प्रमुख विषय हुन्छन् । अहिले पनि उनीहरु त्यही विषयमा केन्द्रित छन् । दक्षिणपंथी र संशोधनवादीहरु प्रतिक्रयावादी व्यवस्थाको अङ्गरक्षक बन्दा बन्दै पनि कम्युनिष्ट आन्दोलनको नामबाट जनतालाई भ्रम दिने काम गरिरहन्छन् । यसका पछाडि मूख्य गरेर दुईवटा कारण छन् । पहिलो जनतामा रहेको कम्युनिष्ट आन्दोलनप्रतिको अगाध विश्वास, दोस्रो, प्रतिक्रियावादी पूँजीवादी व्यवस्था आफै बदनाम भएको स्थितिमा जनतालाई केही समय गर्ने भ्रम श्रृजना ।

नेपालको कम्युनिष्ट आन्दोलनमा यतिबेला मुख्यतया माओवादी केन्द्र दक्षिणपन्थी राजनैतिक दिशामा पतन हुँदाहुँदै पनि आफुलाई कम्यूनिष्ट आन्दोलनको मसिहा ठान्दै कैयौ भ्रम सिर्जना गरिरहेको छ । व्यवहारतः कम्युनिष्ट आन्दोलनका मूल्य, मान्यता र आदर्शलाई सर्म्पूण रुपले परित्याग गर्दागर्दै पनि हिजो सशस्त्र संघर्षको जगबाट आएकोले त्यसका आडमा अरु केही समय भ्रम दिने कोसिस गरिरहेको छ । तर घटनाक्रमले उसका गलत नीति तथा विचारहरु उदाङ्ग हुँदै गएका छन् । माओले भने झैं यतिबेला माओवादी केन्द्र मार्क्सवादप्रतिको ओंठेभक्ति सारमा मार्क्सवादका विरुद्ध आक्रमण गर्दै सामाज्यवाद र विशेषतः भारतीय विस्तारवादका सामु आत्मसमर्पण गर्न पुगेको छ । त्यसैको परिणम उसका लागि कम्युनिष्ट आन्दोलनका मूल्य मान्यता गौण र प्रतिक्रयावादी राज्यसत्ता गमन प्रधान विषय बन्न पुगेको छ ।

## सरकार परिवर्ननको ...

सबैभन्दा बढि महङ्गो खेलमा जुटेको छ । यसले बचेखुचेको माओवादी छबि स्वाहा पारेर पूरै भारतको गोटीमा परिणत भएको छ । भारतले आफ्नो स्वार्थअनुसार 'म्याच फिक्सिङ' गरेर जसरी खेलाए पनि खेल्ने खेलाडीमा परिणत भएको छ ।

पार्टी केन्द्रमा रहेका केहीलाई खुवाएर पियाएर सन्तुष्ट बनाउन त सक्लान्, तर प्रचण्ड आम जनताका नजरमा एक मुक्तिदाता नेताको हैसियतबाट पूरै स्खलित भई बचेखुचेको विश्वासबाट समेत हात धुन पुगेका छन् । विचार र विश्वासको राजनीतिक पृष्ठभूमिमा व्यक्तित्व निर्माण गर्न पुगेका प्रचण्ड र अन्तिम घिटघिटीमा बाँचेको उनको पार्टी माओवादी केन्द्र अब जनतामा बिलाउन पुग्ने निश्चित जस्तै भएको छ ।

### सङ्कट नयाँ सरकार निर्माण पछिका

नयाँ सरकार निर्माणपछि पनि असमाधेय सङ्कटका पहाड छन् अगाडि । ती सबैलाई संविधान संशोधन गरी संबोधन गर्नु नयाँ सरकारको पहिलो काम हुने छ । मधेशवादी दलहरु र अन्यले उठाएका मागहरु पनि संबोधन नगरी अब बन्ने सरकारले धर नै पाउने छैन । दिल्लीले चाहेको गोप्य सन्धि र संझौताहरुले पनि निकै ठाउँ पाउने छन् । यी सारा महङ्गा खेलले नेपाली जनतालाई सडकमा उतार्न बाध्य गराउने छन् ।

## जनप्रतिरोधपछि ...

छ ।

सेनाको हेलिकोप्टरमा ग्रिस पुगेका ८ जनालाई फिर्ता पठाइएको छ, जो शरण माग्न ग्रिस पुगेका थिए । केही उच्च सैनिक अधिकारीलाई हटाइएको छ ।

सैन्य कूको योजनाकार अझै प्रष्ट भएको छैन । तर, टर्कीका राष्ट्रपति र प्रधानमन्त्रीले सैन्य कूको प्रयासको आरोप निर्वासित इस्लाम धर्मगुरु फतहुल्लाह गुलेनमाथि लगाएका छन् । गुजेनको पक्षमा उभिने देश टर्कीको मित्र हुन नसक्ने र उक्त देशसँग युद्ध भए सरह मानिने बताएको बीबीसीले जनाएको छ ।

तर, अमेरिकामा बस्ने गुलेनले भने सैन्य कूको प्रयासमा आफ्नो संलग्नता अस्वीकार गरेका छन् ।

## क्रा.मा.निकट ...

तीनवटै जिल्लामा कार्यरत क्रा.मा. निकट ११ वटा जबस मोर्चाले संयुक्त रुपमा सो ज्ञापन पत्र बुझाउने कार्यक्रम रहेको बुझिएको छ ।

यसैबीच, नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल क्रान्तिकारीले मेडिकल माफियाका विरुद्ध अनसनरत प्रो.डा. गोविन्द केसीले उठाएका माग र आन्दोलनप्रति ऐक्यवद्धता जाहेर गरेको छ । संगठनका संयोजक सेवन्तराज भण्डारीसहित त्रिवी शिक्षण अस्पताल पुगेको विध्यार्थीको टोलीले यस्तो ऐक्यवद्धता जाहेर गरेको हो ।

## सिन्धुपाल्चोकलाई ...

सय ४० घरधुरीमध्ये भूकम्पबाट ९५ प्रतिशत घरधुरी क्षतिग्रस्त भए । पाँच सय ४७ विद्यालय भवन भत्किए । सयौं घाइते भए । भूकम्प र बाढी पहिरोका कारण जिल्लाका २० गाविसका बासिन्दा विस्थापित भएका छन् । चीनको सीमा सुनकोसी र भोटेकोसी करिडोर आसपासका बस्तीहरू, बरुवा, भोताङ, सेलाङ, गोल्चे, गुम्बा, पाङताङ, बासखर्कलगायत गाविसका बासिन्दा सबैभन्दा बढी पहिरोको चपेटामा छन् ।

भूकम्पले जिल्लाको पर्यटन व्यवसाय पनि ध्वस्त बनाएको छ । तिब्बतको मानसरोवर जाने भारतीय पर्यटक भित्र्याउने अपेक्षामा करोडौंको लगानीमा खुलेका होटलहरूका भवन भत्केका छन् । भूकम्पपछि मर्मत सुरु गरिएका तातोपानीका होटललाई भोटेकोसीको बाढीले थप क्षति पुऱ्याएको छ ।

सीमा जोड्ने राजमार्ग नै क्षतविक्षत भएपछि चीनसँगको आवतजावत नै बन्द भएको छ । कोदारी इको रिसोर्ट, फेमिली, स्मल हेवनलगायत करोडौं खर्चेर सीमामा बनेका होटलमा ताला मात्र लागेको छैन, भौतिक रूपमा क्षतविक्षत भएको छ । बर्सेनि हजारौं तीर्थयात्रीले नुहाउने तातोपानी धाराको केही भाग भोटेकोसीको बाढीले बगाएको छ ।

जिल्लाको आीर्थक गतिविधिको मुख्य केन्द्र तातोपानी नाका बन्द भएपछि हजारौं जनाले रोजगारी गुमाएका छन् । भूकम्पका कारण थिलथिलो बनेको सीमामा पछिल्लो समय चहलपहल बढ्न लागेकै बेला आएको बाढीले थप नोक्सानी गरेको छ । अरनिको राजमार्गअन्तर्गत बाह्रबिसे-तातोपानीको २६ किलोमिटर सडकखण्डलाई बाढीले छियाछिया बनाएको छ । बर्षेनी ५ अर्बभन्दा बढी राजस्व संकलन हुने तातोपानी नाका बन्द भएपछि व्यवसायीहरू सीमाबाट पलायन भएका छन् ।

## विचलनको पहाडमाथि ...

सोहनकी आमाले शिवाको बुवा रामबहादुर तामाङको घरमा नाबालक सोहनलाई छोडेर काठमाडौं आई अमेरिका हानिने मेलोमेसो मिलाउँछिन् । सोहनकी आमाले शिवालाई बुहारीको रुपमा मगनी पनि गर्दछिन् अपितु शिवाका बुवा, हजुरआमाको निर्ममतापूर्वक हत्या मात्र हुँदैन, नेपालमा डकुमेन्ट्रिका लागि आउनुपूर्व नै सोहनकी आमा र अमेरिकी बाबुको कार दुर्घटनामा हत्या हुन्छ । यसले सोहन र शिवाबीचको सम्बन्धलाई एकातिर परम्परागत सम्बन्धमा बदलिदिन्छभने अर्कोतिर तामाङ र दलितबीचको विभेदको कुनै गुन्जायसै शिवामा नहुनु शिवाको यौद्धिक चेतनाको उच्च प्रतिफल हो । उपन्यासको सुत्राधार लेखकको काल्पनिक रचनात्मकताको उपज हो, जुन यथार्थबाट टिपिएको पात्रबोध हुँदैन । तथापी उसको वर्गधरातल नायिकको वर्गसापेक्ष छ । त्यसले सोहन र शिवाको संकल्पलाई सत्यको निकट पुरयाउँछ ।

इतिहासको रचनामा शिवाजस्ता व्यक्तिहरुको भूमिका हुन्छ । त्यो व्यक्ति निरपेक्ष होइन, अन्ततः सामाजिक एवम् सामुहिक परिणामहरुको एकाई हो । उपन्यासमा व्यक्ति नायक हुन्छ, त्यो पतिनिधि सामुहिक चरित्रहरुको पतिनिधि अभिव्यक्ति हो । शिवा अयोग्यहरुको वीचको एउटा यस्तो प्रतिनिधि पात्र हो, जुन अयोग्यताको दागलाई चन्दमाले झै निलिदिने प्रयत्नमा गतिशील छे । शिवा भोगवाद, पलायनवाद र निराशावाद विरुद्ध उभिएकी छे । तसर्थ शिवाको आवेग, संवेग, वीरता, बलिदान, मुक्तिको आकांक्षा ऊ बाँचेका सामाजिक जीवनकै प्रतिछाया हुन् ।

गतिशील वर्तमानका गतिशील जीवनहरुलाई पहेलो घामले प्रतिनिधित्व गरेको छ । आख्यानका लागि प्रतिनिधि घटना, प्रतिनिधि पात्र, प्रतिनिधि चरित्र आवश्यक हुन्छ । सिंगो मुक्तियुद्ध र जनयुद्धको इतिहासबाट हेर्ने हो भने अयोग्यताको कथा प्रतिनिधि कथाभने होइन । यो जनयुद्धलाई विर्सजन गर्ने प्रक्रियाको पेचिलो भाग चाहीँ हो ।

### उपन्यासको सीमा

यो उपन्यासका पात्रहरुलाई सामाजिकीककरण, साधरणीकरणको प्रक्रियाबाट हेर्ने सामन्य जकर्को मात्र हो । एउटा लेखकले सय वर्ष पुरानो कथा मात्र होइन गतिशील समयको कथा भन्न सक्दछ । इतिहासको आवृत्ति तयार हुन्छ, जुन फ्रेममा लेखक दौडिन समकालीनभन्दा सहज हुन्छ । यद्यपी अनुभवको तीव्रता समकालीनतामै हुन्छ,, जुन लेखक स्वयमले पनि भोगिरहेको हुन्छ । पहेलो घामका लेखकले तामाङ नायिकाको नाक सर्लक्क परेको चित्रण गरेका छन् । त्यो नाक बाहुन, क्षेत्रीको जस्तो अनुभूति हुन्छ । सामन्य कार्यकर्तासँग युद्धकालीन विग्रेडियरले अंग्रेजी भट्याउँछ तर एउटा कुहिरेसँग रुट गाइडले नेपाली त्यो पनि ठेट स्थानीय भाषा प्रयोग गर्छ । यो चित्रणको अमिल्दो पक्ष हो । स्थानीय लवजको प्रयोग दोलखादेखि गोरखासम्म एउटै छ । डाडावरि र डाडापोरी त लवजको एकोन्वति हुँदैन यसरी पूर्व र पश्चिमको आञ्चलिकता एउटै हुन सक्दैन ।

शिवाको सपनामा सहिद, पूर्वप्रेमीहरु पटक पटक पिचास बनेर तर्साउन आउँछन् । पहिलो कुरा त सहिदलाई सपनामा नै किन नहोस्, पिचासको रुपमा चित्रण गर्नु भनेको भ्रष्टिकरण नै हो । सहिदको गौरवपूर्ण इतिहासलाई शिवाले सपनामा पनि पिचास देख्नु मनासिव हुँदैन किनकी ऊ स्वयम् युद्धको अग्निगर्भबाट आएकी छ । सपनाहरु सेक्स र  कुमारी आमामा केन्द्रित छन्, जहाँ शिवाले भयानक युद्धका ताजा अनुभवहरु देख्न सक्थी । अर्कोतिर शिवा जो मुक्तियुद्धबाट निर्मित चरित्र हो, ऊ नेपाली सेना बन्ने र खुल्लामञ्चमा परेड खेल्ने सपना देख्छे । मुक्तियुद्धको व्यापक आयामबाट शिवा संकुचित पारिएकी छे ।

यो गतिशील सत्यमा आधारित उपन्यास हो । यो सत्यको अन्तः संरचना जनयुद्धको उर्जावान वेग रोकिए पछि सिर्जना हुन्छ । उत्पादन, उत्पादन र फेरी पनि उत्पादनमा रातदिन घोटिएका मजदुर र किसानहरुको जीवन फेर्न राजनीतिक क्रान्ति अनिवार्य छ । वर्गसंघर्षको मातहातमै उत्पादन संघर्ष चल्दछ । अन्तरविरोधलाई पक्रिने मामिलामा यो ध्रुवसत्य पनि पहेलो घामझै छड्के परेको छ । एउटा प्रश्न बाँकी छ कि आफ्ना हजुर आमा र हजुरबुवासँग निकै लामो भेटमा खास प्रतिक्रिया नदिएको सोहन कामी झै शिवाको सहिदघरको नयाँ संकल्प पारिवारिक मात्र हुनेछ कि साँच्चिकै युगीन । यसरी सारतः विचलनको थुम्कोमा पहेलो घाम झुल्किएको छ ।

## पहिचानको राजनीति ...

राजनीतिका बारेमा हेर्ने, बुझ्ने र समाधान  गर्ने प्रश्नमा कैयन अल्मलता र अस्पष्टता तथा जड्ता र रुड्ता छन् । त्यसैगरी केही अति पनि छ, राज्य पक्ष र यो नारा उठाउने पक्षहरुका साथै राजनीतिक दलहरुमा ।

यसको अभिब्यक्त यसरी भैहेको छ, नेपालमा । जस्तै, संघीयताको बारेमा एउटा पक्षले संघीयता हुन्छ तर पहिचान सहितको संघीयता हुदैन, अझ जातीय पहिचान सहितको त ज्यानगए हुदैन भन्छ । त्यसैको परिणाम् हो राज्य पक्षले घोषणा गरेको बेनामे प्रदेश । अर्का पक्ष पहिचान सहितको संघीयता भए हुनछ, अन्यथा अलग राज्य । अनि अर्को पक्ष छ, संघीयता नै चाहिदैन । यी अति हुन् । जबकि पहिचानको प्रश्न समाज विकासक्रमले ल्याएको समयको माग हो । यसको सकरात्मक ब्यवस्थापन अपरिहार्य छ । वास्तवमा संघीयता नेपाली समाजको जातीय र क्षेत्रीय पहिचानलाई संवोधन र समायोजन गर्दै विविधत्ता बिचको एकता मजवुत बनाउने उपयुत्त माध्यम हो ।

त्यसैगरी मधेसी र आदिवासी जनजातिको कुरा उठ्दा यी त नेपाली नै हैनन् भने जसरी हेर्ने । तराई-मधेस र थारुवानको कुरा गर्दा तराई-मधेस र थरुवान त नेपाल नै  हैन वा नेपालबाट अलग हुने जस्तोगरी बुझ्ने । यी पनि अंहकारवादी रुड्तायुक्त अति नै हो । तत्थ्यत मधेसी र आदिवासी जनजाति समुदाय पनि त नेपाली जाति (राष्ट्र) कै समग्रताको अंग हो । त्यस्तै तराई-मधेस र थारुवान पनि नेपाल कै एउटा भाग हो भनेर किन नहेर्ने र बुझ्ने । मधेसी, आदिवासी जनजाति, दलित, खस आर्य, आदि सबै जन समुदाय मिलेर त नेपाली जाति (राष्ट्र) बन्ने हो । त्यसैगरी तराई-मधेस, थारुवान, लिम्वुवान, खसान, आदि सबै भू भाग  मिलेर नेपाल बनेको छ ।

नेपालका उत्पीडित र उपेक्षित जनसमुदाय प्रष्ट हुनु पर्ने विषय के हो भने समुदायगत पहिचान समुदायभित्रको साझा विषय बन्नु पर्दछ । त्यो विविधत्ता भित्रको विविधत्ता हो । त्यसको संरक्षण र संवर्द्धन गर्नु विविधत्ता बीच एकताको आधारलाई सवल र मजवुत बनाउनु हो ।

तर समग्रमा भन्दा नेपालका दर्जनौं जात, जाति र समुदायको साझा पहिचान नेपाली हो र हुनु पर्दछ । त्यसकारण विविध जन समुदाको राष्ट्रिय (जातीय) एकतालाई सवल र सुदृढ बनाई सार्वभौम, स्वाधिन, स्वतन्त्रत र सम्वृद्ध राष्ट्र निर्माणको साझा उद्देश्यलई निस्कर्षमा पुऱ्याउनको लागि साझा पहिचान नेपाली जाति (राष्ट्र)को आधारमा नै उत्पीडित र उपेक्षित जाति र क्षेत्रका जन समुदायले आफ्नो आवाज र आन्दोलनलाई अगाडि बढाउनु सर्वोत्तम हुनेछ ।

keshargurung@gmail.com

**काठमाडौं तर्फ टिकट बुकिङ स्थानहरु**

सुनिल लामा – ९८५११३५५७३/९८४१०३८८६१
इन्चार्ज, कलंकी काउन्टर
जोरपाटी : ९८५१०४०३१५
नयाँ बसपार्क : ९८१८९६५६४१
स्वयम्भू : ९८५११३९९५९
कलंकी बाबा आयल : ९८४१०३८८६१
बागबजार : ९८२३२६०३१०
मैतीदेवी : ९८५११३९९५९
सुन्धारा : ९८५११३५५७३
बानेश्वर, शंखमुल : ९८१८५२१०३७
कोटेश्वर : ९८२३३०५८१२
ग्वार्को इमाडोल : ९८२३२६०३१०
सातदोबाटो : ९८४१०३८८६१
बल्खु : ९८२३३०५८११
कीर्तिपुर : ९८२३३०५८१२
थानकोट : ९८४१०३८८६१

**धौलागिरी अञ्चल तथा घोडाघोडी बस व्यवसायी समितिद्वारा संचालित**

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

पोखरा, कुस्मा, फलेवास, बाग्लुङ गलकोट हटिया, बुर्तिबाङ, मुक्तिनाथ, दाङ तुलसीपुर, लुम्बिनी, नेपालगंज, सुर्खेत कालिकोट, जुम्ला, दैलेख, जाजरकोट, खलंगा दिल्ली, बनारासी साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकटको पनि व्यवस्था छ ।

**फोन मार्फत् टिकट बुकिङ गर्नुको साथै घरदैलोबाटै पिक अप को राम्रो व्यवस्था मिलाएको छ ।**

**प्रकाशक :** रामसिंह बुढाथोकी, **प्रधान सम्पादक :** कुमार शाह, **सम्पादक :** इन्द्र राउत, **कार्यालय :** बुद्धनगर, काठमाडौं, **सम्पर्क नं. :** ९८५११३४८३०, **इमेल :** bargadristi073@gmail.com, **मुद्रण :** सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं